**जातीय विभेदको अन्त्य गरौं**

- जातीय आधारमा नभई मानिसको ज्ञान, सीप र कर्मको कदर गरौं।
- मानिसको श्रेष्ठता उसको आचरणले निर्धारण गर्दछ।
- कर्मद्वारा मानिसको श्रेष्ठता कायम गरौं।
- जातीय विभेदले पैदा गरेको अन्धविश्वासमा नपरौं।
- छुवाछूत र भेदभावजन्य कार्य दण्डनीय हो, सचेत रहौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस्।
eprateekdaily.com

❖ वर्ष ३६ ❖ २०७९ फागुन ०९ गते मङ्गलवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 February 21 Tuesday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क १७५

## लाइसेन्समा बिचौलियाहरूको दादागिरी
## चिकित्सकलाई कुटे, राजीनामा गराए

प्रस, वीरगंज, ८ फागुन/

यातायात व्यवस्था कार्यालय, नारायणी लाइसेन्स फाँटमा स्वास्थ्य परीक्षण गर्ने डा राज पटेलमाथि सोमवार बिचौलियाहरूले दुर्व्यवहार गरेका छन्।



यस वर्षदेखि उनले चालक अनुमतिपत्र लिन चाहने सेवाग्राहीहरूलाई निश्शुल्क निरोगिताको प्रमाणपत्र प्रदान गर्ने यातायात व्यवस्था कार्यालय, वीरगंजसँग सम्झौता गरे अनुसार प्रदान गर्दै आएकामा सो कुरा पचाउन नसकेका बिचौलियाहरूले उनीमाथि दुर्व्यवहार गरेका हुन्।



स्वास्थ्य परीक्षण गर्ने डा राज पटेलको कार्यालय। तस्वीरः प्रतीक

बिचौलियाहरूले निश्शुल्क निरोगिताको प्रमाणपत्र प्रदान गर्दै आइरहेका डा पटेलमाथि दुर्व्यवहार गर्नुका साथै उनलाई निरोगिताको प्रमाणपत्र प्रदान नगर्न दबाब दिएको र जबरजस्ती राजीनामापत्रमा हस्ताक्षर गर्न लगाएका थिए।

बिचौलियाहरूको दबाबमा डा पटेलले तत्काल राजीनामापत्रमा हस्ताक्षर गरे पनि घटनाविरुद्ध उनले जिल्ला प्रहरी कार्यालय, पर्सामा उजूरी दिएका छन्। यातायात व्यवस्था कार्यालय, नारायणी लाइसेन्समा यसअघि निरोगिताको प्रमाणपत्रको लागि सेवाग्राहीहरूले शुल्क तिर्नुपर्थ्यो। यसअघि निरोगिताको प्रमाणपत्रबापत दैनिक ५०-६० हजार रुपैयाँसम्म चिकित्सकको आम्दानी हुने गर्थ्यो। सो आम्दानीमा कार्यालय र केही बिचौलियाहरूको पनि भागीदारी हुन्थ्यो।

यातायात व्यवस्था कार्यालय, नारायणी लाइसेन्स, वीरगंजमा निरोगिताको प्रमाणपत्रको लागि यसअघि निकै चलखेल र गुटबाजी हुँदै आएको थियो। सो कार्यालयमा सेवाग्राहीलाई सवारी चालक अनुमतिपत्र दिलाउन केही बिचौलियाहरूको बोलबाला छ। उनीहरूले नै नियोजित तरीकाले आजको घटना गराएको आरोप छ।

पर्सा प्रहरीले यसअघि यातायात व्यवस्था कार्यालयका केही बिचौलियाहरूलाई पक्राउ गरेको थियो तर बिचौलियाहरूको ठूलो जञ्जाल रहेको यातायातबाट प्रहरीले बिचौलिया हटाउन सकेको छैन।

सवारी चालक अनुमतिपत्रको लागि निरोगिताको प्रमाणपत्र, आवेदन फाराम, बायोमेट्रिक, लिखित तथा ट्रायल परीक्षामा बिचौलियाहरूको हालीमुहाली छ।

## बहुविवाह गर्ने बेहुला पक्राउ, जन्तेहरू भागाभाग
## प्रहरीले दबाबमा बेहुलालाई मुद्दा नचलाई छाड्यो

प्रस, वीरगंज, ८ फागुन/

बहुविवाहको कसूरमा प्रहरीले सोमवार बिहान विवाहस्थलबाट पक्राउ गरेको बेहुलालाई राजनीति दबाबमा मुद्दा नचलाइ छाडेको छ।



बहुविवाह गर्न खोज्ने देवान प्रहरीसमक्ष, पहिलो पत्नीका पिता गुहार गर्दै र पहिलो पत्नी, छोरा र सासू। तस्वीरः प्रतीक

पत्नी हुँदाहुँदै अर्का एक केटीसँग विवाह गर्न लाग्दा पर्सा प्रहरीले विवाहस्थलबाट बहुदरमाई नगरपालिका-१ विश्रामपुर निवासी अतावद्दीन देवानलाई पक्राउ गरेको थियो।

देवानले घरमा पत्नी हुँदाहुँदै वीरगंज महानगर, लालपर्सा, प्रसोतीपुर निवासी एकजना केटीसँग विवाह गर्न लाग्दा प्रहरीले विवाहस्थलबाट देवानलाई पक्राउ गरेको थियो। देवानले पहिलो पत्नी अपाङ्ग भएको भन्दै ढाँटेर अर्को बिहे गर्न लागेका थिए। सोबारेमा पहिलो पत्नीले प्रहरीमा उजूरी दिएपछि उनलाई पक्राउ गरिएको हो। देवानको विवाह चार वर्षअघि भारत, नरकटियागंजमा भएको थियो। पहिलो विवाहबाट उनको एउटा सन्तान पनि छ।

आज बिहान दोस्रो विवाह गर्न लागेका देवानलाई विवाहस्थलबाट प्रहरीले पक्राउ गरेपछि जन्तेहरू भागाभाग भएको पर्सा प्रहरीका प्रवक्ता प्रहरी नायब उपरीक्षक दीपक गिरीले बताए। उनले बहुविवाहमा मुद्दा चलाउने बताए पनि दिउँसो उनलाई राजनीतिक दबाबमा छाडिएको छ। देवानलाई वडाध्यक्षको जिम्मा लगाएर छाडिएको प्रवक्ता गिरीले बताए। प्रवक्ता गिरीले देवानलाई छाडेसँगै प्रतिक्रिया फेरेका छन्। उनले बहुविवाहको पुष्टि नभएको र अर्को विवाह पनि गर्न नसक्ने भन्दै वडाध्यक्षको जिम्मा लगाएको भनी पहिलो बयान फेरेका छन्।

पहिलो पत्नीका भाइ सौकत अलिले दिदीले लिखित उजूरी दिएपछि प्रहरीले विवाहस्थलबाट अभियुक्तलाई पक्राउ गरेको यथेष्ट प्रमाण हुँदाहुँदै छाडिनुको कारण आफूले नबुझेको बताए।

## सुक्खा बन्दरगाहले छ महीनामा १९ अर्ब ८२ करोड राजस्व उठायो

नितेश कर्ण, वीरगंज, ८ फागुन/

सुक्खा बन्दरगाह भन्सार कार्यालयले चालू आवको छ महीनामा १९ अर्ब ८२ करोड १६ लाख ५५ हजार राजस्व सङ्कलन गरेको छ।



सूचना अधिकृत सन्तोष न्यौपाने

सुक्खा बन्दरगाहका सूचना अधिकृत सन्तोष न्यौपानेले आयातबाट १९ अर्ब ८२ करोड २३ लाख ४७ हजार र निर्यातबाट छ लाख ९२ हजार गरी १९ अर्ब ८२ करोड १६ लाख ५५ हजार राजस्व सङ्कलन गरेको जनाएका छन्। उनले आव २०७७/७८ मा ५२ अर्ब चार करोड ९९ लाख राजस्व सङ्कलन लक्ष्य रहेकोमा ४९ अर्ब ४३ करोड ६५ लाख राजस्व सङ्कलन भएको र लक्ष्यको ९५ प्रतिशत पूरा भएको र पाँच प्रतिशत राजस्व कम असुली भएको बताए।



श्रीसिया सुक्खा बन्दरगाह। तस्वीरः प्रतीक

उनले आव २०७७/७८ को तुलनामा भने आव २०७८/७९ मा छ अर्ब ९० करोड बढी राजस्व सङ्कलन भएको जनाएका छन्। रेलमा आधारित नेपालको एकमात्र सुक्खा बन्दरगाहमा अहिले तोरी युक्रेन, अस्ट्रेलिया, माल्डोवा, क्यानडाबाट आयात हुन्छ भने स्पन्ज, आइरन, वायर रड, इनक्वाल, फलामको बिलेट भारतबाट आयात हुने गरेको बताए।

यसैगरी, मदिरा युके, स्वीडेन, आयरल्यान्ड, स्पेन, ब्रजील, फ्रान्स, युएईबाट आयात हुन्छ भने काइनेटिक फेब्रिक चीन, कोरिया, थाइल्यान्डबाट आयात हुन्छ।

चिनी भारत, युकेबाट र पिना, कुखुराको दाना भारत, अमेरिका, क्यानडा, मलेशिया, सवारीसाधन चीन, जापान, मलेशिया, कोरिया, थाइल्यान्ड र दाल क्यानडा र अस्ट्रेलियाबाट आयात हुने सो कार्यालयले जनाएको छ।

नेपालबाट पोलिस्टर धागो, पास्ता, चाउचाउ, अचार, च्युरा, मसला, मदिरा (बियर, भोडका, ह्वीस्की), हैन्डीक्राफ्ट, रेडिमेड गार्मेन्ट, पेन्टेड फ्ल्याग रोल युएस, अस्ट्रेलिया, टर्की, युके, जापान, इन्डोनेशिया, युएई र इटलीमा निर्यात हुने गरेको सो कार्यालयले जनाएको छ।

सुक्खा बन्दरगाह कार्यालयले भारतको विशाखापट्टनम र कोलकाता बन्दरगाहबाट तेस्रो मुलुकका मालवस्तु आयात हुने गरेको जनाएको छ।


## उपभोक्ता समितिको सूचनाबोर्ड ईरिक्शामा

प्रस, वीरगंज, ८ फागुन/

उपभोक्ता समितिको सूचनाबोर्ड ईरिक्शामा फेला परेको छ। उपभोक्ता समितिले यस्तो सूचनाबोर्ड कार्यस्थलमा झुन्ड्याउनुपर्ने हो तर पर्साको जीराभवानी मेलामा ईरिक्शामा यो सूचनाबोर्ड देखिएको छ।

मधेस प्रदेश सरकार अन्तर्गत योजनाको काम वीरगंज महानगरको राधेमाईमा भइरहेको र यो सूचनाबोर्ड सो ठाउँमा उपभोक्ता समितिले झुन्ड्याउनुपर्नेमा ईरिक्शामा फेला परेको छ। मधेस प्रदेश सरकारको पूर्वाधार कार्यालय वीरगंजबाट सञ्चालित पर्सा क्षेत्र नं १ (१) का प्रदेशसभा सदस्यको पहलमा भौतिक पूर्वाधार विकास मन्त्रालयद्वारा वीरगंज-१३ पद्मरोडदेखि उत्तर अवध यादवको घर हुँदै सडक निर्माणको कार्य भइरहेको र सोको बोर्ड उक्त स्थानमा राख्नुपर्नेमा ईरिक्शामा राखेर चारैतिर घुमाउने काम भइरहेको छ।

राधेमाई ढाठ उपभोक्ता समितिसँग मधेस प्रदेश सरकारले २५ लाख ५९ हजार ५२४ रुपैयाँमा २०७९/७/१८ गते सम्झौता गरेको थियो भने यो कार्य सम्पन्न गर्ने मिति चैत ३० गते उल्लेख छ। ईरिक्शामा सूचना झुन्डिनुको पनि तथ्य रमाइलो छ। उपभोक्ता समितिको जिम्मेवारी पाएका व्यक्तिले वीरगंजको फ्ल्याक्स बोर्ड बनाउने ठाउँमा दुई महीना अगाडि प्रिन्ट गराएका थिए।




तस्वीरः प्रतीक

फ्ल्याक्सबोर्ड बनाउने कर्मचारीले भने ग्राहकले फ्ल्याक्स बोर्ड बनाएको र फोटो खिंचेर सो फ्ल्याक्स बोर्ड त्यही छाडेर गएको बताए। उनले चिनजानको ईरिक्शा चालकले पर्दा च्यातिएको भनेर प्रयोगको लागि मागेपछि दिएको बताए।

उपभोक्ता समितिका अध्यक्ष हुसेनले भने सो फ्ल्याक्स बोर्ड कसरी ईरिक्शामा झुन्ड्याइएकोबारे आफूलाई थाहा नभएको बताए। उनले निर्माणस्थलमा धेरैजना चोर भएको र निर्माण सामग्री पनि चोरी भइरहेको भन्दै फ्ल्याक्सबोर्ड पनि उनीहरूले चोरेको र ईरिक्शामा प्रयोग भएको प्रतिक्रिया दिएका छन्।

घटनास्थलमा स्थानीयहरूले उपभोक्ता समितिमार्फत भइरहेको कामको आलोचना गरे। उनीहरूले उपभोक्ता समितिले सरोकारवालाहरूसँग सहकार्य नगरेको र आफूखुशी निर्माण कार्य गरिरहेको प्रतिक्रिया दिएका छन्।

**विचारसार र सुक्तिहरू**

**मुस्कान यस कारण मात्र होइन कि जीवनमा खुशी बढी छ, यो त जीवनसँग हार नखाने प्रतिबद्धता हो ।**

प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आरके पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१- ५२३१०५, ५२५१२२
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com

# सरसफाइ : महाभारत युद्ध

**नेपालमा नै, खासगरी वीरगंजमा सार्वजनिक सरसफाइ महाभारत युद्ध जित्नुभन्दा दुष्कर देखिन्छ। सामान्य नागरिकका लागि जोसँग चेतना छैन, अनपढ छ, सरसफाइ नगरको सौन्दर्य र नागरिकको स्वास्थ्य वृद्धि तथा सुखकर हुन्छ भन्ने कुरा नबुझ्ला तर पढेलेखेका, सार्वजनिक संस्था तथा जान्ने–बुझ्नेहरूसमेत सरसफाइप्रति संवेदनशील रहँदैनन् भने लाख कोशिश गर्दा पनि शहरलाई सफा, स्वच्छ राख्न सकिँदैन । कुनै अवाञ्छित कार्य नगर्नबाट रोक्नका लागि कानून बनाउन सकिन्छ, चेतावनी दिन सकिन्छ, दण्ड–जरिवानाको प्रावधान राख्न सकिन्छ, तर संस्कारगत चेतना छैन भने यावत् प्रावधानको कुनै मूल्य रहँदैन । नेपालको टिभी स्टेशनहरू खोलेर हेर्नुस्–प्रायः च्यानलहरूमा एनआइसी एशिया बैंक सर्वोत्तम भएको विज्ञापन बजिरहेको सुनिन्छ। नेपालका सिने महानायकद्वारा बैंकको राम्रो क्रियाकलापको बखान सुनिन्छ, त्यै बैंक सार्वजनिकरूपमा फोहर गर्दा दुईपटक जरिवानामा परिसकेको कुरा कुनै पनि सभ्य समाजले शायद नै पत्याउला। यो बैंक नेपालको परम्परागत बैंकजस्तो प्रविधिविहीन बैंक होइन, यो करपोरेट बैंक हो। जसका सामान्य कर्मचारीसमेत बाबूसाहेबजस्तो जिटबुटमा देखिन्छन् ।**

**वीरगंजका प्रायः नागरिक आफ्नो घर सफा राख्छन्। घर सफा गर्दा निस्केको कसिङ्गर र अन्य फोहर भने सडकमा फ्याल्छन् । वीरगंज महानगरपालिकाले फोहर फाल्ने भाँडा सित्तै वितरण गरेको छ, प्रायः मानिसले त्यसलाई घरेलु सामग्री राख्ने भाँडो बनाएका छन् । पसलहरूमा पनि फोहर फाल्ने भाँडो राखिएको हुन्छ तर प्रायः उपभोक्ता पान पराग वा अन्य चीजको र्‍यापर फोहर फाल्ने** (dust bin) **भाँडोमा फाल्दैनन्, नालीमा फाल्छन् । वीरगंजका भूमिगत (कभर लगाएको) नालाबाहेक कसैमा पनि पानी बगेको कसैले देखाइदेओस् त ! किनभने साना–ठूला सबै नाली प्लास्टिकका बोतल, झोला अथवा प्लास्टिकका अन्य वस्तुले टन्न भरिएको हुन्छ । के सिल्ली, के अर्धसिल्ली र के भलाद्मी सबैले यी वस्तुहरू नालामा नै फाल्छन् । आफ्नो मुहल्ला, टोल–गल्लीका सडक र नालामा यसरी फोहर फालेर नगरपालिकाले शहरलाई सफा सुग्घर राख्न सकेन भनी यसैलाई ज्वलन्त मुद्दा बनाउने पनि तिनै व्यक्ति हुन्छन् । मानिसलाई लाग्दछ, सफा गर्ने काम त नगरपालिकाको हो, हामीसँग फोहर छ, जहाँ पनि फाल्ने हाम्रो अधिकार हो ।**

**एउटा टोल सुधार समितिको यस्तै विडम्बनापूर्ण कथा छ। त्यहाँका बासिन्दा सडक वा नालामा फोहर फाल्दैनन् तर के पर्खेर बस्छन् भने कुनै दिन फोहर उठाउने मानिस वा ट्याक्टर नआओस् र त्यही अत्तो थापेर सडकमा फोहर फाल्ने रहर मेट्न सकूँ । कुरा नागरिकसम्म मात्र सीमित छैन, वीरगंज महानगरपालिकाले फोहर उठाउने जिम्मा दिएको ठेकेदारका मानिसहरू स्वयं फोहर गर्न पछि पर्दैनन् । कसैले पनि बिहान सडक बढारिरहेका महिलाहरूको गतिविधि हेर्ने हो भने थाहा हुन्छ, उनीहरू सडक बढार्दा निस्केको फोहर नालीमा खसालिदिन्छन् । ठेकेदारका मानिसले त्यो फोहर मात्र बढार्छन् वा ट्याक्टरमा हाल्छन् जुन नागरिक आफैं दिन आउँछ; त्यसबाहेकको फोहरसँग उसको कुनै सरोकार रहन्न । त्यो पनि छाडौं, एकपटक एउटा टोलमा फोहरको थुप्रो लाग्दा नगरपालिकाले ट्याक्टर पठायो, ट्याक्टरले त्यो फोहर उठायो तर सडकमा असरल्ल परेको खर–बिरुवा उठाउन अनुरोध गर्दा हामीलाई त्यो फोहर उठाउने निर्देश छैन भन्ने उत्तर दियो । यो हो फोहरप्रति हाम्रो संवेदना ।**

# विज्ञान शिक्षणबारे विमर्श

नेपालमा माध्यमिक विद्यालयको पाठ्यक्रममा विज्ञान विषयलाई अनिवार्य विषयमा राखिएको छ । यसले हाम्रो समाजमा वैज्ञानिक चिन्तन, संस्कार र संस्कृति निर्माणमा के कति योगदान पुर्‍याएको छ भन्ने विषय अनुसन्धात्मक छ। हाम्रा कति परम्परागत ज्ञान, सीप र संस्कृतिलाई आधुनिक विज्ञानको तुलोमा हाल्दा हाम्रा पुर्खाहरूले नतमस्तक बनाइदिएको भन्दा अत्युक्ति नहोला । आधुनिक विज्ञान र प्रविधिको विकास नभइसकेको सयौं वर्ष अगाडि बनेको चाँगुनारायण मन्दिर, पाँच तले मन्दिर, काष्ठमण्डप, कृष्ण मन्दिरले आधुनिक ज्ञानबाट सिद्धि प्राप्त भनिएका प्राविधिकलाई पनि चुनौती दिइरहेको सन्दर्भमा विज्ञान प्रविधिको विकासको आधारको रूपमा रहेको विद्यालय शिक्षामा विज्ञानको आधुनिक सिद्धान्त पढाउनु विज्ञान शिक्षकको चुनौती हो ।

नेपालको विज्ञान–प्रविधि शासकहरूको मनोमालिन्यको कोपभाजन हुँदा वा जनताको जीविकासँग शिक्षालाई नजोडिंदा अथवा भनौं शिक्षालाई काम र मामसँग जोड्न नखोजिंदा, अझ भनौं शिक्षालाई उत्पादन श्रमसँग नजोडिंदा विज्ञान–प्रविधिको समयोचित विकास हुन पाएन। विज्ञान–प्रविधि पनि जातविशेषमा सीमित गरिंदा विविध कारणले त्यस जातको लोपसँगै हाम्रो अमूल्य ज्ञानको निधि हराउँदै गएको तथ्य पनि उत्तिकै विश्लेषणीय छ। स्थान, समय र परिवेश अनुसारको प्रविधि विकासको निम्ति विज्ञान विषयको शिक्षण हुनुपर्थ्यो । शिक्षणमा प्रयोगात्मक, अनुसन्धानात्मक एवं खोजमूलक तरीका अपनाइएको भए विज्ञान उत्पादनमुखी बन्ने थियो ।

**विज्ञान शिक्षालाई उत्पादनमुखी बनाउने काइदा के होला ?**

दही, घ्यू, कुराउनी, चीज र महीबीचको सम्बन्ध र विज्ञान विद्यार्थीको अध्ययन र खोजको विषय हुन सक्छ । जाँड, रक्सी र मर्चाबीचको सम्बन्ध र उत्पादनमा प्रयोग भएको विज्ञान र प्रविधि, कालो माटो, रातो माटो, कमेरो माटो, पाँगो माटोको प्रयोग र त्यसमा अन्तर्निहित विज्ञान, धानको ब्याडदेखि फसल काट्दासम्मको विज्ञान; गहुँबाट पीठो बनाउँदा चाहिने प्रविधि समेत पाठ्यक्रममा संलग्न हुनुपर्‍यो । सयौं वर्षदेखि प्रयोगमा आइरहेको पानीघट्टलाई अझ परिमार्जन गर्न विद्यार्थीलाई अनुसन्धान गराउने हो भने विज्ञान पढाइको औचित्य राम्रै पुष्टि हुन्थ्यो । दही बनाउन दूध उमाल्न प्रयोग गरिने ग्याँस वा दाउराको विकल्पबारे अनुसन्धान विद्यार्थीले गरोस् । हाम्रो वरिपरि सयौं थरीका फल फल्छन् । फलका विशेषज्ञ वनमाली जातिका दिदीबहिनी हाम्रा गुरु हुन सक्छन्, धातु विज्ञान पढ्न–पढाउन ताम्राकार, ढुङ्गाको विज्ञान पढाउन शिलाकार, काठका प्रकारबारे कक्षा चलाउन शिल्पकार, माटोका जात भन्न प्रजापति, रङ्गको कला बताउन रञ्जीतकार, रङ्ग र चित्रबारे बयान लगाउन चित्रकारलाई हाम्रा कक्षाकोठामा ल्याउन सकिन्छ ।

कुखुरापालन गर्ने किसानसँगको व्यावहारिक ज्ञान, खोलाले खेत नबगाओस् भनी लगाइने वैंशको रूखको विज्ञान, घोड्टाप्ले, टिमुर, बोझो, तुलसी, हर्रो, बर्रो र अमलाको औषधीय गुणवत्ताको ज्ञानलाई हाम्रो विद्यालय शिक्षामा प्रवेश गराउने हो भने हाम्रो परम्परागत सीप र प्रविधिले जीवन पाउने मात्र होइन, पुरानो पुस्ताबाट नयाँ पुस्ताले सिक्ने विचारले पनि मूर्त रूप लिन्थ्यो। बिस्केट जात्रामा दुईतिरबाट सयौं मानिसले तान्दा कैयौंपटक उचालिने र थचारिने, कोल्टो पर्ने, ढल्ला–ढल्ला हुने तर सामान्यतः दुरुस्तै रहने तीनतले भैरवको रथको विज्ञान पढ्ने अवसर चाहियो । परम्परागत ज्ञान र प्रविधिमा अन्तर्निहित विज्ञानको अनुसन्धान हाम्रो पाठ्यक्रमको अभिन्न अङ्ग बनाइएको खण्डमा पुर्खाले पनि सम्मानित एवं गौरवान्वित अनुभूत गर्थे। स्थानीय प्रविधिको अध्ययन गरी

विज्ञान प्रविधि



सरोजराज गोसाई
sarojgosai123@gmail.com

**विज्ञानको सिकाइमा प्राकृतिक जीव वा वस्तुको सङ्कलन कामले तिनी पाइने ठाउँ, तिनको प्राकृतिक संरचना वा बानी व्यवहार सिकाउँछ। फुर्सतको समयको उपयोग गर्दै सङ्कलन गरिएका सामग्री स्वयम् विद्यार्थीको म्युजियम बन्छ।**

तिनमा वैज्ञानिक सिद्धान्तको लेपनमा, सुधारिएको प्रविधि वा नयाँ प्रविधिको विकास गर्न सकिन्छ । हाम्रो विज्ञान शिक्षाले स्थानीय ज्ञानलाई आत्मसात् नगर्दा र पश्चिमा लेखकले लेखेकै पुस्तकको आधारमा लेखिएका किताब विद्यार्थीका पाठ्यपुस्तक बन्दा हाम्रा



विद्यार्थी विज्ञान बुझ्न थकथकी महसूस गर्छन् । सुनेर मात्र पुग्दैन हेर्नुपर्ने, हेरेर मात्र पुग्दैन गर्नुपर्ने विज्ञान शिक्षणको आधारभूत सिद्धान्त मान्ने हो भने विज्ञान शिक्षणलाई जनजीवनसँग जोड्ने वा व्यावहारिक जीवनसँग जोड्ने काइदाबारे अझ विहङ्गावलोकन गर्नु जरुरी छ। हामीले विद्यार्थीलाई आलोचनात्मक बनाउन सक्यौं या सकेनौं, निरीक्षण, अध्ययन र छलफल गर्ने, तथ्य एवं प्रमाणको आधारमा निष्कर्ष निकाल्ने, अरूले प्रस्तुत गरेको प्रमाणमाथि पनि आलोचनात्मक दृष्टिकोण राख्ने, प्राप्त संरचनामाथि पनि प्रश्न गर्ने, सतही होइन सही तथ्यमा जोड दिने विद्यार्थी तयार पार्न के गर्नु पर्ला छलफल गरौं। हरेक नयाँ सिद्धान्त आत्मसात् गर्न दिमागलाई सदा खुला राख्ने वा नयाँ कुरा सिक्न जिज्ञासु बनाउने कसरी ? अरूको कुरा ध्यानपूर्वक सुन्ने, अरूको अधिकारको सम्मान गर्ने, अरूले आफ्नो विचारबारे बोलेको कुरालाई मन दिएर सुन्ने, नयाँ तथ्यको आधारमा नयाँ निष्कर्ष निकाल्ने खुला दिमागका विद्यार्थी तयार कसरी पार्ने ? जिज्ञासुले प्राकृतिक घटना एवं परिघटनालाई सम्पूर्ण ज्ञानेन्द्रिय लगाएर निरीक्षण गर्छ, प्रश्न गर्छ, प्रयोगात्मक क्रियाकलापमा भाग लिन्छ, आफैं विभिन्न प्रयोग गर्न उत्सुक हुन्छ, वस्तु र घटनालाई गौरले निरीक्षण गर्छ, सुनेको र पढेको कुरामा पनि शङ्का गर्छ अथवा आलोचनात्मक दृष्टिकोण राख्छ, आफ्नो वरपर भएका घटनाबारे चासो दिन्छ, थप जानकारीको निम्ति अध्ययन गर्छ। हाम्रा विद्यार्थी कति जिज्ञासु छन् ? यो आत्ममूल्याङ्कनको आधार पनि बन्न सक्छ।

**आफैंलाई मूल्याङ्कन गरौं**

सिर्जनशील व्यक्ति बनाउने उद्देश्यमा हामी कति पानीमा छौं ? नयाँ विचार सिर्जना गर्ने, हरेक समस्या समाधानमा अनेक उपाय खोज्ने, अवलोकनबाट राम्रो निष्कर्ष निकाल्ने सिर्जनशील व्यक्ति बनाउँदा कसो होला ? चिन्तन गरौं । कुनै घटनाको कारण र परिणामबारे गम्भीर विवेचना गर्ने, प्राप्त तथ्याङ्कलाई इमानदारीपूर्वक अभिलेखमा राख्ने, आफ्नो कामको जिम्मेवारी बोध गर्ने विद्यार्थी चाहिन्छ। हामीलाई, गर्ने के ? असफल प्रयोगपछि पनि हतास र निराश नहुने, कुनै नयाँ उपकरण चलाउन उत्प्रेरित हुने, नतीजा नआएसम्म विषयमा लागिरहने, व्यक्तिगतरूपमा असजिलो वातावरण भएपनि काममा निरन्तर लाग्ने दृढ व्यक्ति तयार पार्ने काम पनि कम्ता चुनौतीपूर्ण छैन। तथ्य विज्ञानको मुटु हो। कुनै विषयमा उत्तर पत्ता लगाउन वैज्ञानिक विधिको प्रयोग गरी तथ्य पत्ता लगाइन्छ । विज्ञानका विद्यार्थीले हरेक प्रश्न, समस्या वा वातावरणको विश्लेषण गर्छ, सबै तथ्यलाई हृदयङ्गम नगरेसम्म फैसला गर्दैन, उही परिस्थितिमा उस्तै परिणाम आउँछ–आउँदैन हेर्छ, प्राप्त परिणामको विश्लेषण पूर्वाग्रह नराखी गर्छ। हामी विज्ञानका शिक्षक र विद्यार्थी कहाँ छौं ? आत्ममूल्याङ्कन गरौं ।

**कसरी पढाउनुपर्ला विज्ञान ?**

प्रयोगविना विज्ञान बुझिन्न तर विडम्बना, हामी कालोपाटीमैं पानी उमाल्छौं र वाफ उडाउँछौं। गरेर सिक्ने सिद्धान्त छ, तर व्यवहारमा छैन । सिद्धान्तलाई व्यवहारसँग जोडौं, विज्ञान सजिलो बन्छ। प्रयोग विधिबाट सिक्नुको अर्थ समस्याको उत्तर खोज्नु, समस्याको समाधान खोज्नु, विधिपूर्वक काम गर्नु हो । अनुसन्धानको अर्थ के खोजेको हो कुरा लेख्नु, सम्भावित अनुमान (हाइपोथेसिस)का कुरा लेख्नु, तथ्यहरू बटुल्नु र अरू प्रमाण खोज्नु, सम्भावित अनुमानको परीक्षण गर्नु र निष्कर्षमा पुग्नु हो। यही हो, वैज्ञानिक विधि। कुनै प्रयोगात्मक कक्षाअघि के गर्न खोजिएको विद्यार्थीले बुझोस्, विद्यार्थी–शिक्षक मिलेरै के गर्ने भन्ने निर्णय निकालियोस्, प्रयोग गर्नुअघि नै उत्तर वा निष्कर्ष नदिइयोस् (नत्र जिज्ञासा नै हुन्न), सजिलै उपलब्ध हुने प्रयोगात्मक सामग्री होस्, प्रयोग गर्ने विधिबारे पूर्वजानकारी दिइयोस्, विद्यार्थीलाई नै सोच्न दिइयोस्, निष्कर्ष निकाल्नुअघि दुईपटक सोच्ने बनाइयोस्। तब प्रयोगात्मक विधि सफल बन्छ ।

**के दिने प्रयोगको निम्ति ?**

बिरुवाको हुर्काइमा मलको असर हेर्न देऔं वा कुन वातावरणमा ढुसी उम्रिन्छ भन्ने हेरौं वा पानी उम्लिने तापक्रम पत्ता लगाउन देऔं वा कुन कुन रङ्ग मिसाउँदा कुन रङ्ग निस्किन्छ भन्ने हेर्न देऔं। कोठामैं चना रोपौं, प्रत्येक हप्ताको परिवर्तन लेख्न देऔं, मैन कति डिग्रीमा पग्लिन्छ, पानी कति डिग्रीमा उम्लिन्छ हेर्न देऔं ।

प्रदर्शन विधि पनि अपनाइन्छ, विज्ञान शिक्षणमा। सिपालु हातले मात्र चलाउने यन्त्रबारे प्रदर्शन विधि नअपनाएर सुखै छैन । प्रावि वा निमावि तहका विद्यार्थीको निम्ति प्रयोगशालामा ग्याँस बनाउने विधि होस् वा प्याजको झिल्लीको स्लाइड बनाइ माइक्रोस्कोपमा मिलाएर हेर्ने विधि होस्, गरेर देखाउनुपर्ने हुन सक्छ ।

इन्टरनेटका सामग्री, पाठ्यपुस्तक, सन्दर्भ पुस्तक, प्रयोगशाला निर्देशिका, विज्ञान पत्रिकालगायत सामग्री पढ्न देऔं। यी सामग्रीको अध्ययनले कक्षा छलफलमा सहयोग गर्छ, विज्ञानको शब्दभण्डार पनि बढाउँछ, पढ्नु पनि रमाइलो भन्ने अनुभव गराउँछ, ज्ञानको दायरा फराकिलो बनाउँछ, अझ धेरै सिकौं–सिकौं बनाउँछ, आफ्नो ज्ञान र सिकाइलाई जोड्न मदत गर्छ। तर विद्यार्थीलाई पुस्तकको सूचीपत्र, इन्डेक्स र ग्लोसरी हेर्ने काइदा सिकाउनु जरुरी छ । विज्ञानको छुट्टै शब्दकोशको प्रयोगबारे पनि सुझाव दिनु उचित हुन्छ। पढाइपछि छलफल वा अन्तर्क्रिया गर्ने वा बोल्न दिने वा सार लेख्न दिने गर्दा पनि प्रभावकारी होला। गाह्रो मानिएको पाठको पढाइको निम्ति विद्यार्थी स्वयंलाई सन्दर्भ सामग्री खोज्न दिनु र छलफल गर्न दिनु उपयुक्त छ। स्थलगत भ्रमण विधि पनि प्रभावकारी छ। विद्यालयको कोठाबाहिर गएर प्राकृतिक वातावरणमा सिक्ने विधि । प्रत्यक्ष अनुभव गराउने विधिले रमाइलोमैं विज्ञान सिकाउँछ । आरनमा कसरी फलाम तताइन्छ भन्ने बुन्न कामीको कार्यशाला लानुपर्ला, पानीमा पाइने बिरुवाबारे थाहा दिन पोखरी वा ताल वा पानी जमेको खाल्डो वा खोला लानुपर्ला। कालो टोपी बनाइने कारखाना वा दही बनाइने उद्योग वा रेशमखेती वा च्याउखेती फार्म हेरेर सिक्छन्, जानकारी अनुभूतिमा बदलिन्छ। भ्रमणमा विद्यार्थी लानुअघि शिक्षक आफैं पुगेर बुझ्नु राम्रो हुन्छ, पुग्ने ठाउँ प्रवेशको अनुमति लिनुपर्ला, विद्यार्थीलाई आवश्यक तयारी गराउनुपर्ला, समूह बनाउनुपर्ला, विद्यार्थीबीच आपसी सहयोग संस्कारबारे पूर्वजानकारी दिनुपर्ला। छलफल विधिले विद्यार्थी आफ्नो बुझाइ बाँड्ने मौका पाउँछन् । गोष्ठी, वादविवाद, प्रश्नोत्तर वा अन्तर्वार्ता गर्न लगाऔं । यसबाट विद्यार्थीको विषयवस्तुमा मात्रै होइन प्रस्तुतिशैली पनि विकास हुन्छ, विद्यार्थी र शिक्षकबीचको मात्र होइन, विद्यार्थी–विद्यार्थीबीचको सम्बन्ध कसिलो बनाउँछ, अरूको कुरा सुन्ने धैर्य विकास गराउँछ। विद्यार्थीलाई स्वतन्त्ररूपमा बोल्ने मौका देऔं, यसले मौलिक विचार निर्माणमा समेत सहयोग पुर्‍याउनेछ । विज्ञान शिक्षणमा श्रव्यदृश्यको सहयोग पनि प्रभावकारी हुन्छ । समुद्री जनावरबारे सिकाउन विद्यार्थीलाई समुद्र पुर्‍याउने अरू उपाय सजिलो छैन । जति मात्रामा आवाज र दृश्यले वास्तविकता बुझ्न सहज बनाउँछ। कुनै विषयमा राम्रो ज्ञान प्राप्त व्यक्ति कक्षामा ल्याएर सिकाउने विधि पनि प्रभावकारी छ । कक्षामा भेट्ने व्यवस्था गाह्रो भए सम्बन्धित व्यक्तिसम्मै विद्यार्थीलाई लिएर जाने वातावरण मिलाउन सकिन्छ। औषधि उपचार गर्ने चिकित्सक होस् वा फोटोग्राफर वा सङ्गीतकार वा सिकर्मी वा डकर्मी, कोहीसँग साक्षात्कार गर्ने अवसरले विद्यार्थीमा गहिरो ज्ञान हासिल गर्ने बानी बसाउँछ। विज्ञानको सिकाइमा प्राकृतिक जीव वा वस्तुको सङ्कलन कामले तिनी पाइने ठाउँ, तिनको प्राकृतिक संरचना वा बानी व्यवहार सिकाउँछ। फुर्सतको समयको उपयोग गर्दै सङ्कलन गरिएका सामग्री स्वयम् विद्यार्थीको म्युजियम बन्छ।

**निष्कर्ष**

अधिकांश विद्यार्थीको निम्ति विज्ञान घोक्ने र परीक्षा उत्तीर्ण गर्नेको निम्ति जबरजस्ती पढ्ने विषय भइरहेको अवस्थामा र कुनै धार्मिक प्रवचन शैलीमा पढाउने चलन नहटिसकेको बेलामा बुझेर पढ्ने र बुझेर लेख्ने विषय बनाउने केही काइदो माथि छलफल गरियोस्। कसैले साइकल चढेको हेरेर कोही साइकल सिक्दैन वा पानीमा नगई पौडी खेल्ने सपनामा मात्र हो भन्ने बुझ्ने हामी शिक्षकलाई इशारा नै बढी छ । हाम्रो विज्ञान पढाइ हाम्रो वातावरण, संस्कृति, भूपरिस्थिति र आवश्यकता अनुकूल हुनुपर्नेमा विवाद नहोला ।

**(लेखक ख्वप कलेज, प्राणीशास्त्रका उपप्राध्यापक हुन् ।)**

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४८

## नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट




काठमाडौं, ८ फागुन/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक सोमवार दोहोरो अङ्कले ओरालो लागेको छ । नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक २३ दशमलव ६० अङ्कले ओरालो लागेर दुई हजार ४६ दशमलव ८१ मा सीमित भएको छ ।

यस्तै, ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव ९१ अङ्कले ओरालो लागेर ३९१ दशमलव ५३ मा सीमित भएको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्य उकालो लाग्दा ११ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ । कारोबार भएका कुल कम्पनीमध्ये ३२ कम्पनीका शेयर मूल्यमा वृद्धि भएको छ ।

यस्तै, १७७ कम्पनीका शेयर मूल्यमा गिरावट आउँदा सात कम्पनीका शेयर मूल्यमा भने कुनै परिवर्तन भएको छैन । कुल ६० लाख ९१ हजार ३५३ कित्ता शेयर रु एक अर्ब ९४ करोड ७६ लाख २३ हजार ९९३ मूल्यमा खरीद–बिक्री भए। सोमवारको कारोबारपछि बजार पूँजीकरण रु २९ खर्ब ५३ अर्ब ४२ करोड ४० लाख सात हजार ७५४ बराबर रहेको छ ।

कारोबारका आधारमा हिमालयन डिस्टिलरी शीर्ष स्थानमा छ। सो कम्पनीको रु २० करोड ८२ लाख ५६ हजार ७४० बराबरको कारोबार भयो। यस्तै, साल्ट ट्रेडिङ कर्पोरेशन रु ११ करोड ४८ लाख ४७ हजार ९४७, जीवन विकास लघुवित्त रु छ करोड ५५ लाख ५५ हजार तीन सय, एनआइसी एशिया बैंक रु पाँच करोड ५५ लाख ९१ हजार २०१ र सानिमा बैंक रु चार करोड ६५ लाख ७६ हजार ४६९ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भए ।

नेप्सेका अनुसार राप्ती हाइड्रोको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ । दोर्दी खोला जलविद्युत् कम्पनी चार दशमलव १७, एनएमबी हाइब्रिड फन्ड १३ दशमलव ९६, कालिका पावर कम्पनी दुई दशमलव शून्य चार र एनएमबी–५० का लगानीकर्ताले दुई दशमलव शून्य दुई प्रतिशतले कमाएका छन् ।

यस्तै, जीवन विकास लघुवित्त नौ दशमलव १५, उपकार लघुवित्त सात दशमलव ४२, हिमालयन डिस्टिलरी पाँच दशमलव ३१, वीन नेपाल लघुवित्त पाँच र समिट लघुवित्त वित्तीय संस्थाका लगानीकर्ताले चार दशमलव ९६ प्रतिशतले गुमाएका छन् ।

# योजना प्रणालीको गिर्दो प्रभावकारिता र सुधारको आवश्यकता

–डा. ठाकुरप्रसाद भट्ट

काठमाडौं, ८ फागुन/रासस

नेपाल योजनाबद्ध विकासमा लागेको दशकौं भइसकेको छ । प्रारम्भको केही समय योजना प्रणाली र यसबाट बनेका आवधिक योजनाबारे सबैतिर चासो रहने गरेको थियो । हाल पन्ध्रौं योजनासम्म आइपुग्दा आवाधिक योजनाहरू औपचारिकतामा सीमित हुँदै यसप्रतिको आशा र चासो क्रमिकरूपमा घट्दै गएको पाइन्छ । फलस्वरूप योजना प्रणाली र स्वयं योजना तर्जुमा गर्ने निकायको गरिमा र औचित्यमाथि नै प्रश्न उठ्ने अवस्था आइसकेको छ ।

लोकतान्त्रिक प्रणालीमा जनताको खुला र सक्रिय सहभागितामा योजना प्रणाली लोकप्रिय, जनमुखी र प्रभावकारी हुनुपर्ने हो । अझ थप कुरो सङ्घीय प्रणालीमा त सबै तहका योजना प्रणाली र त्यसबाट तर्जुमा गरिएका योजनाले विकास र सुशासनको प्रत्याभूत दिन सक्नुपर्ने हो। तथापि यस्तो हुन सकिरहेको छैन । जबसम्म योजना प्रणालीलाई औपचारिक कर्मकाण्डबाट माथि उठाएर वैज्ञानिक अनुसन्धान र विश्लेषणमा आधारित प्रभावकारी कर्म बनाउन सक्ने छैनौं, तबसम्म विकास एक हचुवा काम मात्र हुनेछ। यसले सकारात्मक परिणाम होइन, विसङ्गति मात्र ल्याउने छ भन्ने त अहिले चल्तीमा रहेको योजना तर्जुमाको अभ्यासले देखाएकै छ ।

सन् ५० को दशकताका योजना प्रणालीको अभ्यासलाई वैचारिक तथा सैद्धान्तिक दृष्टिकोणले समाजवादी मान्यतामा आधारित केन्द्रीकृत अवधारणा मान्ने गरिन्थ्यो । तथापि, अल्पविकसित देशले आफ्नो विकासको आवश्यकता सम्बोधन गर्न योजनाबद्ध विकासको प्रणालीलाई उपयुक्त ठानी अनुसरण र अभ्यास गर्न थाले। कतिपय विकासोन्मुख देशले यसको सही प्रयोगबाट विकासमा फड्को मार्न सफल भए भने केही देशले प्रभावकारी प्रयोग गर्न सकेनन् ।

खासगरी सन् ९० को दशकतिरको उदारवाद र निजीकरणको प्रभावले योजनाबद्ध विकासको अभ्यासमा केही भ्रम र सुस्तता ल्याएको देखिन्छ । यति हुँदाहुँदै पनि विकासोन्मुख देशहरूमा विकासका प्राथमिकता तय गर्न तथा साधन स्रोतको वितरण र परिचालन गर्न योजना प्रणालीको अभ्यास भइराखेको छ । खासगरी बजारले सीमान्तकृत समुदाय र पहुँच नपुगेको क्षेत्रहरूमा स्वत: साधन स्रोतको प्रवाह नगर्ने हुनाले गरीबीमा रहेका समुदाय र विकासमा पछाडि परेका क्षेत्रहरूको विकासको लागि राज्यले विशेष प्राथमिकता दिनुपर्ने हुन्छ। यिनै र अन्य कतिपय कारणले विकासशील देशहरूले सन्तुलित र सामाजिक न्यायसहितको विकासका लागि योजना प्रणालीको अभ्यास गर्दै आएका छन् ।

यस्तो सैद्धान्तिक मान्यताकै आधारमा नेपालले पनि लामो समयदेखि आफ्नो विकासको लागि योजना प्रणालीको अभ्यास गर्दै आइरहेको छ । तथापि यसबाट आशातीत परिणाम आउन सकिरहेको छैन। देश सङ्घीय प्रणालीमा गइसकेपछिको टडकारो मुद्दा भनेको योजना तर्जुमा प्रक्रियामा तीन तहका सरकारहरूबीच कस्तो अन्तर्सम्बन्ध हुने भन्ने हो । तीन तहबीच संविधानले अङ्गीकार गरेको 'सहकारिता, सहअस्तित्व र समन्वय'को सिद्धान्त संस्थागत अभ्यास गर्ने उपयुक्त माध्यम योजना प्रणाली हो। तर विडम्बना तीन तहबीच त्यस्तो पद्धति र संयन्त्रको विकास हुन नसक्दा र साधनस्रोतको बाँडफाँट न्यायोचित हुन नसक्दा सङ्घीयताप्रति नै गलत धारणा बन्न गइरहेको छ। भनिन्छ यतिखेर विगतदेखिका ५०० जति पुराना योजनाहरू निर्माण नसकिएर लथालिङ्ग अवस्थामा छन् भने पहुँच र प्रभावका आधारमा जथाभावी हचुवा तवरमा नयाँनयाँ योजनाहरू थपिंदै गएका छन् । यस्तो अवस्थामा सुशासन, विकास र समृद्धिको बाटोबाट समाजवादतर्फ अग्रसर हुने संविधानको परिकल्पना धेरै टाढाको विषय बन्न पुगेको छ ।

हामीमा योजना तर्जुमासम्बन्धी सही दृष्टिकोणको अभाव छ । जनकेन्द्रित विकासको सिद्धान्तले जनतालाई केन्द्रमा राख्ने हुनाले योजनाको सम्पूर्ण प्रक्रियामा जनताको सहभागिता अपरिहार्य हुन्छ । अझ सामाजिक न्यायको हिसाबले सबैभन्दा पछि परेको जनसमुदायको आवश्यकता र चाहनालाई समेट्न यस्ता जनसमुदायको सहभागिता सुनिश्चित गर्ने योजना तर्जुमा प्रणालीको आवश्यकता पर्छ। हाम्रा योजना तर्जुमा गर्ने निकायहरू, कर्मचारीतन्त्र र राजनीतिक प्रतिनिधिमा सहभागितामूलक योजना तर्जुमाबारे बुझाइको कमी छ वा स्वार्थवश हचुवा प्रकारको तजबिजी योजना छनोटको परिपाटी अपनाइरहेका छन्, खोजीको विषय बनेको छ। जे होस्, यही बेथितिको फलस्वरूप विकास योजनामा समाजका टाठाबाठा, सत्ता र शक्तिमा पहुँच भएकाको बोलाबाला छ ।

विकास योजना कुनै प्रक्रियाबाट होइन, राजनीतिक नेता वा पद र शक्तिमा रहेकाको कोटको खल्तीबाट उत्पन्न हुने टिप्पणी सर्वसाधारणमा व्याप्त रहेको छ । यस्तो परिपाटी सरकारका तीनै तहमा रहेको छ। यसले गर्दा पहुँचवालाहरूले एउटै योजनामा तीनै तहबाट बजेट पार्ने गरेको पाइन्छ। त्यसैले सहाभागितामूलक र पारदर्शी योजना तर्जुमाको पद्धतिलाई स्थानीय समुदायबाटै अवलम्बन गर्ने नीतिलाई कडाइका साथ लागू गर्न जरूरी देखिएको छ ।

योजना तर्जुमाको यस्तो विसङ्गतिपूर्ण अवस्था सुधार्न सबैभन्दा पहिले राजनीतिक तहको प्रतिबद्धता र जवाफदेहिता सुनिश्चित हुन जरूरी छ। राजनीतिक नेतृत्वमा सहाभागितामूलक योजना तर्जुमाको विकास नभएसम्म उनीहरूबाट प्रतिबद्धता र जवाफदेहिता पाउन सकिंदैन । यसैले अहिलेसम्मको विसङ्गति र कमजोरीबारे समीक्षा गरेर योजना तर्जुमाको सही दृष्टिकोणको विकास गर्न जरूरी छ । हालसम्मको अवस्था हेर्दा राजनीतिक वृत्तले कर्मचारीतन्त्र र बिचौलिया समूह समेतको मिलेमतोमा विकास योजनाहरूलाई एकातर्फ लोकप्रियतावादी भोट बैंकका रूपमा र अर्कोतर्फ कमिशनको स्रोतका रूपमा उपयोग गर्दै आएको देखिन्छ। यही कारणले वैज्ञानिक योजना बनाउन नसक्ने, बनाएको योजनाको कार्यान्वयन ज्यादै कमजोर हुने, विकासमा लागेको साधनस्रोतले जनताको अवस्थामा कुनै सकारात्मक परिवर्तन नल्याउने जस्तो दुष्चक्रबाट हाम्रो विकास अभियान गुज्रिरहेको छ । यो दुष्चक्र तोड्नका लागि विकास योजना तर्जुमाको वैज्ञानिक, पारदर्शी, जवाफदेहीयुक्त सहभागितामूलक पद्धतिको संस्थागत विकास गर्नुको अर्को विकल्प देखिंदैन ।

सहभागितामूलक योजना तर्जुमाका लागि आवश्यक अर्को मूल कुरा सुदृढ र सशक्त निकाय र योजना प्रक्रियाको सहजीकरण गर्ने दीक्षित जनशक्ति हो। हामीकहाँ विगतदेखि नै केन्द्रीय तहमा राष्ट्रिय योजना आयोगजस्तो निकाय नभएको होइन। साथै सङ्घीय प्रणालीको स्थापनासँगै प्रदेश तहमा प्रदेशस्तरीय योजना आयोगहरू गठन भएका छन् । यी निकायहरू सङ्घीयताको मर्म अनुरूप र सहभागितामूलक योजना तर्जुमाका मान्यतामा रहेर योजना तर्जुमा गर्न प्रभावकारी देखिएका छैनन् भन्ने तथ्य विगतदेखि हालसम्मको हचुवा योजना छनोटको परिपाटी र विकास योजनाहरूको फितलो अनुगमनले प्रस्टचाएकै छ । यी र सबैखाले कमजोरीको समीक्षा गरी तीनै तहका योजनाहरूबीच समन्वय र अन्तर्सम्बन्ध विकास गर्न हालका योजनासम्बन्धी निकायको सङ्घीयताको मर्म अनुरूप पुन:संरचना र सुदृढीकरण गर्न जरूरी छ । साथै सहभागितामूलक योजना तर्जुमाको प्रक्रिया समुदायस्तरबाटै प्रारम्भ हुने भएकोले स्थानीय तहमा समेत योजना तर्जुमाको संस्थागत संरचना स्थापना गर्न जरूरी छ। तीनै तहमा सबल निकायहरू हुन सके मात्र योजना तर्जुमा, कार्यान्वयन र अनुगमन प्रभावकारी हुन सक्छ ।

योजनासम्बन्धी निकायहरूको स्थापनासँगै यी निकायहरूमा सहभागितामूलक योजना तर्जुमा प्रक्रिया सहजीकरण गर्न सक्ने ज्ञान र सीपले दीक्षित जनशक्तिको व्यवस्था हुनुपर्छ । योजना तर्जुमा र जनसहभागिता विशिष्टीकृत विषय भएकोले यससम्बन्धी छुट्टै सेवाको पनि व्यवस्था गर्न जरूरी छ। हालसम्म यो विषयमा ज्ञान नभएको जनशक्तिबाट तदर्थतामा योजना तर्जुमा र अनुगमनको काम भइआएको छ । विकास नीति तथा योजना तर्जुमालाई अनुसन्धानमा आधारित बनाउन पनि दक्ष जनशक्ति जरूरी हुन्छ। यस सम्बन्धमा हालको नीति तथा अनुसन्धान आयोगलाई छुट्टै निकाय नबनाएर योजना आयोग अन्तर्गत नै राखेर नीति, योजना र अनुसन्धानको एकीकृत परिचालन उपयुक्त हुन्छ ।

सशक्त अधिकारयुक्त संस्था र दक्ष जनशक्तिविना हालको योजना आयोग र मन्त्रालयहरूबीच र अन्तर्मन्त्रालयबीच र तीनै तहका सरकारहरूबीच रहेको समन्वयको समस्या समाधान हुन सक्दैन।

समग्रमा भन्ने हो भने विकास योजना तर्जुमासम्बन्धी सोच र दृष्टिकोणमा स्पष्टता र यसको कार्यान्वयनमा इमानदारिता हासिल गर्न सके सुधारमा कठिनाई रहने छैन। हामी अहिले सर्वाधिक उन्नत प्रविधिको युगमा छौं । हामीले चाहेको सूचना इन्टरनेटजस्तो प्रविधिको प्रयोग गरेर सहजै उपलब्ध हुन सक्छ । साथै, योजना तर्जुमाका लागि समुदाय र निर्वाचित जनप्रतिनिधिको सहजीकरण गर्न सक्ने जनशक्ति विकास गर्न सकिन्छ । यसका लागि सही नीति, पद्धति, संस्थागत संरचनासहितको स्पष्ट ढाँचा निर्धारण गरेर हालको विसङ्गतिपूर्ण र हचुवा योजना छनोटको परिपाटी र विकासका साधन स्रोतको हुँदै आएको दुरुपयोग रोकेर सहभागितामूलक, पारदर्शी, जवाफदेहीपूर्ण जनमुखी योजना तर्जुमा पद्धति विकास गरेर देशलाई विकास, सुशासन र समृद्धिको बाटोमा अग्रसर गराउन सकिन्छ। यसमा जति ढिलाइ हुन्छ, त्यति नै विकास र समृद्धिको यात्रा अवरुद्ध भइरहन्छ ।

– लेखक काठमाडौं विश्वविद्यालयमा भिजिटिङ फ्याकल्टी, विकास, योजना र सुशासनसम्बन्धी अध्ययन अनुसन्धानमा संलग्न छन् ।

## कागजमा सडक बनाएपछि ...

काठमाडौं, ८ फागुन/रासस

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बनाउँदै नबनाएको सडक बनाएको भन्दै गलत प्रतिवेदन बनाएर भ्रष्टाचार गरेको अभियोगमा दैलेख गुराँस गाउँपालिकाका इन्जिनीयरलगायतका कर्मचारीविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ ।

आयोगका प्रवक्ता श्यामप्रसाद भण्डारीका अनुसार स्थानीय निगालपानी रेग बगौरा सडक निर्माण योजनाको सम्झौतामा रहेको निर्धारित शर्त र मापदण्डविपरीत नक्कली नापी किताब बनाएको, उपभोक्ता समितिसम्बन्धी बिल, कार्यसम्पन्न प्रतिवेदनसमेत तयार पारी मापदण्ड अनुसार सडक निर्माण भएको भनी गलत प्रतिवेदन बनाएको पाइएपछि मुद्दा दायर गरिएको हो ।

मुख्यमन्त्री रोजगार कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७६/७७ को सो परियोजनामा यसरी अनियमितता गर्नेमा तत्कालीन इन्जिनीयर सरोजकुमार दाहाल र तत्कालीन सबइन्जिनीयर नवीनकुमार बिसीको संलग्नता रहेको आयोगको ठहर छ ।

उनीहरूलाई भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम कारबाईको माग गरिएको छ ।



जीराभवानी मेलामा जुवा वर्जित छ । स्थानीय पालिकाले सरोकारवालाहरु र सुरक्षाकर्मीहरुसहितको बैठकमा मेला शान्त, सुरक्षितरुपमा सम्पन्न गर्न जुवा नखेलाउने निर्णय गरेको छ तर एक सातासम्म चल्ने प्रसिद्ध जीराभवानी मेलामा खुलेआम जुवा भइरहेको छ । तस्वीरः आरके पटेल

## 'बुस्टर डोज'का लागि थप खोप आइपुग्यो

काठमाडौं, ८ फागुन/रासस

कोरोना भाइरस सङ्क्रमणविरुद्धको अतिरिक्त मात्रा (बुस्टर डोज)का लागि थप खोप सोमवार नेपाल आइपुगेको छ। 'खोपका लागि ग्लोबल एलायन्स' (गाभी)ले कोभ्याक्समार्फत जर्मन सरकारले उपलब्ध गराएको खोप कतार एयरवेजबाट आज बिहान आएको स्वास्थ्य सेवा विभागका आपूर्ति व्यवस्थापन शाखा प्रमुख डा सुरेन्द्र चौरसियाले जानकारी दिए ।




उनका अनुसार खोप आज पनि तीन लाख ४५ हजार ६०० मात्रा खोप आएको हो । यसअघि यही फागुन १ र फागुन ४ गते तीन लाख ४५ हजार ६०० मात्राका दरले नै खोप आएको थियो । गाभीले कोभ्याक्स सुविधामार्फत जर्मन सरकारले उपलब्ध गराएको फाइजरको 'बाइभ्यालेन्ट' खोप बुस्टर डोजका लागि मात्र प्रयोग गरिनेछ। नेपाललाई जर्मन सरकारले १५ लाख मात्रा खोप उपलब्ध गराउनेछ। आज खोप आएसँगै बुस्टर डोजका लागि १० लाख ३६ हजार ८०० मात्रा खोप नेपाल आइसकेको छ । अब चार लाख ६३ हजार दुई मात्रा खोप आउन बाँकी छ। उक्त खोप फागुन ११ र १५ गते ल्याइनेछ। छिमेकी देश भारत र चीनमा कोरोना भाइरसको सङ्क्रमण फैलिंदै गएपछि सरकारले खोप माग गरेको थियो ।

# कहिले पाउने स्वच्छ श्वास फेर्न ?

–टीकाराम सुनार/सुदीप राउत
लहान, ८ फागुन/रासस

‘हामीले स्वच्छ श्वास फेर्न कहिले पाउँछौं ?’ १२ वर्षदेखि यस्तै प्रश्न गरिरहेका छन् सिद्धिचरण राजमार्ग मिर्चैया–कटारी–घुर्मी सडकखण्डका नागरिक । उदयपुरको कटारी नगरपालिका–८ निवासी लक्ष्मी तामाङले पनि त्यही प्रश्न दोहोऱ्याइन्–“स्वच्छ श्वास फेर्न कहिले पाउँछौं ? उनले गुनासो गर्दै भनिन्–“आँगनका कपडा, भान्साको खाना धूवाँधूलोबाट जोगाउनै मुश्किल छ ।”

ओखलढुङ्गाबाट सुगम स्थान छानेर १२ वर्ष अघि यहाँ आएकी मैयाँ विकलाई पनि अचेल पछुतो छ । “मोटर बाटो पुगेको ठाउँमा जीवन निर्वाह गर्न सहज होला भनेर आइयो तर अहिले पछुतो भइरहेको छ”–उनी भन्छिन्–“राम्ररी बस्न, खान र सास फेर्न पनि पाइएको छैन, तर कसैले बुझ्दैन हाम्रो पीडा ।”

सिद्धिचरण राजमार्ग मिर्चैया–कटारी–घुर्मी सडकखण्डको स्तरोन्नति नहुँदा यहाँका नागरिकलाई लुगाकपडा, जोहो गरेका खाद्य सामग्री जोगाउन समस्या त छ नै, खेतबारीको अन्नबाली तथा तरकारी जोगाउन पनि त्यस्तै कष्ट छ । स्थानीय किसान लीलबहादुर तामाङले धूलोले छपक्क ढाक्दा बाली नसप्रिने हुँदा कृषि खेती गर्नै नपाएको पीडा सुनाए । “तरकारी लायो कक्रक्क पर्छ । गहुँ, मकै, कोदोजस्ता बालीनाली पनि सप्रिँदैनन्”– तामाङको भनाइ थियो–“दुःखजिलो गरेरै खान मुश्किल छ । यस्तो समस्या कहिलेसम्म भोग्ने ?”

आफ्नै करेसाबारीमा उब्जाएर स्वच्छ तरकारी खाने गृहिणी दिलकुमारी विश्वकर्माको रहर पनि अधूरै छ। जीर्ण सडकमा दैनिक आहोरदोहोर गर्ने सवारी साधनले उडाएको धूवाँधूलोजस्तै उनको रहर पनि उडेकोउड्यै छ तर समस्याको समाधान कहिले हुने हो टुङ्गो छैन । सडकबाट उडेको धूलोले जता हेऱ्यो त्यतै सेताम्म । त्यो धूवाँधूलोले भोग्नुपरेका देखिने समस्या त छन् नै, नदेखिने समस्या त झनै विकराल छ । सत्तरी वर्षीया चिनीमाया तामाङ यसको उदाहरण हुन्। उनी लामो समयदेखि श्वासप्रश्वास समस्याबाट ग्रस्त छिन्। “सडक आएपछि खुशी आउलाजस्तो लागेको थियो तर दुःख लिएर आयो”–चिनीमायाले भनिन्–“समस्या समाधान हुँदैन, धूलोधूवाँकै कारण छिटै मरिने पो हो कि !”

नगर अस्पताल कटारीका निर्देशक (मेडिकल सुपरिटेन्डेन्ट) डा गौरव शाहले धूवाँधूलोले नागरिकको स्वास्थ्यमा गम्भीर असर पारिरहेको बताए । श्वासप्रश्वास, मुटुरोग, दम, खोकी, घाँटी दुख्ने, छाती दुख्ने र रूघाखोकीजस्ता समस्या ल्याएर अस्पताल आउनेको सङ्ख्या बढिरहेको उनको भनाइ छ । संविधानले नागरिकको स्वच्छ वातावरणमा बाँच्न पाउने हकको सुनिश्चित गरे पनि त्यसको प्रत्याभूति हुनेगरी सडक स्तरोन्नति गर्न डा शाह जोड दिन्छन्।

स्थानीय गृहिणी, किसान, युवा, वृद्धवृद्धाले सुनाएजस्तै पीडा यहाँका विद्यार्थीको पनि छ । कटारी–८ स्थित माध्यमिक विद्यालय पटनाभञ्ज्याङ कक्षा १० मा अध्ययनरत छात्रा सञ्जु तामाङले विद्यालय आउँदा–जाँदा सडकको धूवाँ धूलोले दैनिक कपडा फोहर हुनेहुँदा विद्यालय आउनै समस्या रहेको बताइन्। “सुकाएकै ठाउँमा धूलो लागिसकेको हुन्छ, टक्टकाएर लगायो, फर्कंदा फेरि उस्तै हुन्छ”–सञ्जुको दुःखेसो छ–“कहिले एसइई दिएर बाहिर पढ्न जाउँला र यो समस्याबाट छुटकारा पाइएलाजस्तो भइसक्यो ।” सरस्वती मावि कटारी–११ का प्रधानाध्यापक दिनेश रायले सडकको स्तरोन्नति नहुँदा विद्यालयको पठनपाठन प्रभावित भइरहेको बताए। “अरू ठाउँमा राजमार्ग वा सडक नजीक भएको विद्यालय राम्रो मानिन्छ तर हाम्रो यहाँ सडककै कारण समस्या छ। प्रदूषणले विद्यार्थीको शिक्षा र स्वास्थ्यमा गम्भीर असर परिरहेको छ”–प्रधानाध्यापक राय भन्छन्–“लगाएको पोशाक फोहर हुने, दिनहुँको धूवाँधूलोले रूघाखोकी लाग्ने, घाँटी र छाती दुख्नेजस्ता समस्याले विद्यार्थी नियमित हुँदैनन् । विद्यालयको पठनपाठन नै प्रभावित भइरहेको छ ।”




सडक स्तरोन्नतिका लागि स्थानीयवासीले गुहार मागेको पनि वर्षौं भइसक्यो । स्थानीय, प्रदेश र सङ्घीय प्रतिनिधिलाई भन्नेदेखि सडकमा चक्काजाम गर्नेसम्मका सबै उपाय गरिए समाधान चाहिं आकाशका फल बनेको छ । “वर्षायाममा हिलाम्य र हिउँदमा धुलाम्य हुँदा सधैं सास्ती मात्रै पाइयो”–कटारी–११ का स्थानीय रेवती राउतले भने–“समस्याबारे यहाँका स्थानीय जनप्रतिनिधि र सांसदहरूलाई जानकारी भए पनि चुनावी मुद्दाबाहेक केही बनाउन नसकेकोमा आक्रोश पोखे ।

उदयपुरको कटारी बजार आफैंमा ऐतिहासिक ठाउँ पनि हो। तेन्जिङ नोर्गे शेर्पा र एडमन्ड हिलारी सगरमाथा चढ्न यही बजार हुँदै पैदल गएको हुनाले कटारीलाई सगरमाथाको प्रवेशद्वार पनि भन्ने गरिन्छ । यही बजार क्षेत्र पर्ने सडकको स्तरोन्नतिमा ध्यान नदिंदा हरेक नागरिकजस्तै व्यापारी, व्यवसायीले पनि सास्ती भोग्नुपरेको उदयपुर उद्योग वाणिज्य सङ्घका अध्यक्ष पुष्कर खड्काले बताए। उनले सडकका कारण ढुवानी लागत बढ्न गई मूल्यवृद्धिको समस्या निरन्तर बढिरहेको बताए ।

विसं २०३४ मैं सिरहाको मिर्चैयाबाट उत्तरतर्फ उदयपुरको कटारीसम्म २६ किमी ट्र्याक जोडिएको थियो। नेपाली काङ्ग्रेसका नेता स्व बलबहादुर राईको पहलमा २०४८ सालमा कटारीदेखि ओखलढुङ्गा सदरमुकामसम्म सडक निर्माण शुरू भएको थियो । युगकवि सिद्धिचरण श्रेष्ठको नाम दिइएको यस सडकको ४६ किमी कटारी–घुर्मी खण्डमा २०५८ सालदेखि यातायात सञ्चालन पनि भयो । तर ट्र्याक खुलेको २० वर्ष बितिसक्दा पनि अवस्था भने उस्तै छ। घुर्मीदेखि ओखलढुङ्गासम्मको सडक धेरै पहिले कालोपत्रे भइसके पनि ७२ किमी लामो मिर्चैया–कटारी–घुर्मी खण्डमा भने सुधारको ठोस पहल भएन। यसले गर्दा दुई घण्टा पनि नलाग्ने यो दूरीमा अहिले पाँच घण्टाभन्दा बढी समय लगाएर जोखिमपूर्ण यात्रा गर्नुपर्ने स्थानीयवासीको बाध्यता छ ।

सडक स्तरोन्नति तथा पुनःनिर्माणका लागि सोलुखुम्बु, ओखलढुङ्गा, खोटाङ र उदयपुरका सांसदले कुरा नउठाएका पनि होइनन् । संविधानसभा सदस्य भेषकुमारी राउतले संसद्मा आवाज उठेका कारण सरकारको नीति तथा कार्यक्रममा र बजेटमा योजना पर्ने गरेको बताइन्। उनले भनिन्–“सयौंपटक एक्लै वा संयुक्तरूपमा ठूला नेता, सरोकारवाला र विभागीय मन्त्रीलाई पनि सडक स्तरोन्नतिको माग राख्यौं तर आश्वासन मात्र पाइयो, ठोस निर्णय हुन सकेन । यो विडम्बनापूर्ण हो ।”

प्रतिनिधिसभा सांसद अम्बरराज रायमाझीले भने सडकलाई उच्च प्राथमिकतामा राखेर पहल गरिरहेकोले अब छिट्टै यसको स्वरूप बदलिने बताए। उनले पूर्वी नेपालका जिल्ला र मधेस प्रदेशलाई सगरमाथासँग जोड्ने एकमात्र छोटो दूरीको यो राजमार्ग निर्माणका लागि सबैको सकारात्मक पहल जरूरी रहेको बताए। “यो सडक स्तरोन्नतिका लागि सरोकारवालासँग पटकपटक छलफल भएको छ”–रायमाझीले भने–“त्यसैको परिणाम यसपटक करीब रु ६० करोड बजेट विनियोजन भएको छ। यो रकम थोरै भए पनि अब समयमैं काम शुरू गर्नुपर्छ ।”

कटारी नगरपालिकाका प्रमुख राजेशचन्द्र श्रेष्ठले पनि चार लेन सडकका लागि दायाँबायाँ १५/१५ मिटर लगतकट्टा भइसकेकोले अब भने सडक स्तरोन्नतिको काम अगाडि बढ्ने विश्वास जागेको बताए। सडक डिभिजन कार्यालय कटारीका प्रमुख केशव ओझाले केही दिन अघि मात्रै सडक स्तरोन्नतिका लागि यस आर्थिक वर्षमा प्राप्त कुल रु ५९ करोड ८८ लाखको लागि बोलपत्र आह्वान भइसकेकोले अब चाँडै काम शुरू भई अहिले देखिएका समस्या समाधान हुने बताए । उनले मिर्चैया–कटारी–घुर्मी सडकखण्डका लागि केन्द्रीय योजना अन्तर्गत कुल रु १० अर्बको लागत अनुमानसहितको प्रस्ताव पठाइएको र यो आवका लागि मात्र पौने चार अर्ब रकम अर्थ मन्त्रालयसँग माग गरिएको बताए।

आव २०७८–७९ मा रु ८० करोड ‘फ्रिज’ भएको देखेका यहाँका नागरिक सडक स्तरोन्नतिका लागि ठेक्का लागे पनि अझै आश्वस्त छैनन्। “सडक बन्छ बन्छ भनेर आश्वासन पाएको त वर्षौं भइसक्यो, अब त विश्वास गर्न पनि गाह्रो छ”–स्थानीयवासी लक्ष्मी तामाङले भनिन्–“योपटक के हुन्छ हेरौं। स्वच्छ श्वास फेर्न अब त पाइएला कि ?”



**भैरवकुण्डः** सिन्धुपाल्चोक जिल्लाको भोटेकोशी गाउँपालिकामा रहेको समुद्र सतहदेखि करीब चार हजार २०० मिटर उचाइमा अवस्थित भैरवकुण्ड । जाडोमा यो ताल जम्ने गर्दछ। यहाँबाट विभिन्न हिमालहरूको दृश्य नियाल्न सकिन्छ। तस्वीरः रासस

## फरक समाचार

## रक्सीले शिशुको अनुहार बदलिदिन्छ

संसारभरिका स्वास्थ्य विज्ञले सदैव गर्भवती महिलालाई अल्कोहल नपिउन सल्लाह दिन्छन्। यसको कारण रक्सीले बच्चामाथि नराम्रो असर पुऱ्याउँछ। हालै नेदरल्यान्डको इरासमस मेडिकल सेन्टरका वैज्ञानिकले यस विषयमा अनुसन्धान गरेका छन्। अनुसन्धानमा एक सातामा केवल एक गिलास वाइन पिउँदा बच्चाको अनुहारमा परमानेन्ट बदलाव हुन सक्ने जनाइएको छ ।




शोधमा वैज्ञानिकले ५६०० स्कूल बालबालिकाको अनुहारको दुई सय विशेषतामाथि अध्ययन गरे । यस्तो थ्रीडी इमेजिङ र डीप लर्निङ एल्गोरिदमको सहाराबाट सम्भव भयो । यी बच्चाहरूमध्ये केहीका आमाले गर्भावस्थाको दौरान अल्कोहल सेवन गरेका थिए, भने केहीले रक्सी पिएका थिएनन्। अनुसन्धान अनुसार एक सातामा केवल १२ ग्राम अल्कोहल पिउनाले बच्चाको अनुहार स्थायीरूपले बदलिएको बताइन्छ ।

अनुसन्धानकर्ताले विश्लेषण गर्दा गर्भ धारणपछि थोरै रक्सीबाट बच्चाको अनुहारमा थुप्रै परिवर्तन देखिएको छ। त्यसमा छोटो नाक, आँखाको तल खाल्डो र चिउँडो बाहिर निस्केको देखियो। गर्भवती महिला जति बढी रक्सी सेवन गर्छन् बच्चामा यो बदलाव त्यतिकै गहिरो हुन्छ । यस्तो विशेषगरी त्यस्ता आमासँग हुन्छ, जो गर्भावस्थाको दौरान र त्यसभन्दा तीन महीना पहिलेदेखि रक्सी सेवन गरेका हुन्थे। गर्भावस्थामा अल्कोहल सेवनबाट बच्चामा फिटल अल्कोहल स्पेक्ट्रम डिसअर्डर हुने आशङ्का हुन्छ। यसबाट बच्चाको अनुहारको साथसाथै दिमागमाथि पनि असर पर्छ। बच्चा मानसिकरूपले कमजोर हुन सक्छ। उनीहरूको व्यवहारमा पनि समस्या हुन सक्छ । यसैले महिलाले गर्भमा हुर्किरहेको बच्चाको सुरक्षाको लागि रक्सीबाट टाढा रहन भनिएको छ ।

यसभन्दा पहिले भएको अनुसन्धानमा गर्भवतीमा, हरेक हप्ता ७० ग्राम रक्सीबाट बच्चामा हुने प्रभावबारे अध्ययन गरिएको थियो। त्यसमा पनि यस्तै नतीजा पाइएको थियो। स्वास्थ्य विज्ञको भनाइ छ रक्सीको कुनै पनि मात्रा भ्रूण र बच्चाको लागि हानिकारक हुन्छ ।

## भिजेको कपाल काइँयोले कोर्नुहुन्न

कपालको हेरचाहको लागि पौष्टिक खाना र राम्रो स्याम्पू प्रयोग गर्दा मात्र हुँदैन । काइँयो कोर्ने तरीका पनि जान्नुपर्छ । कोहीकोही नुहाएपछि तुरून्तै कपालमा काइँयो प्रयोग गर्छन्, जसका कारण उनीहरूको थुप्रै कपाल झर्छ । विज्ञका अनुसार भिजेको कपाललाई कहिल्यै काइँयोले कोर्नुहुँदैन यसो गर्दा कपाल टुट्ने र झर्ने समस्या हुन्छ । त्यस्तै लामो समयसम्म कपालमा काइँयो प्रयोग नगर्दा चाया र कपाल झर्ने समस्या हुन्छ । काइँयोले कपाल कोर्दा खप्परमा रक्तसञ्चार राम्रो हुन्छ, जसले गर्दा कपाल मजबुत हुन्छ र बढ्छ ।



भिजेको कपालको जरा कमजोर हुन्छ, कपाल नसुकाइकन काइँयो प्रयोग गर्दा त्यसको जरामाथि तनाव पैदा हुन्छ जसले गर्दा कपाल कमजोर भएर टुट्छ र झर्छ। साथै कपालको कोमलता पनि हराउँछ। यसले फ्रिजिनेस र ड्राइनेसको समस्या उत्पन्न हुन्छ। यसैकारण कपाल सुकेपछि मात्र कोर्नुपर्छ ।

स्वस्थ कपालको लागि दिनमा दुईपटक काइँयो प्रयोग गर्नुपर्छ । कपाल धुनुभन्दा पहिले काइँयो प्रयोग गर्नु राम्रो विकल्प हो। यसबाट कपाल अल्झिंदैन। स्याम्पू प्रयोग गरेपछि कपाललाई खुला हावामा छाड्नुपर्छ तथा कपाललाई नरम बनाउने सिरम प्रयोग गर्नुपर्छ ।

कपालमा काइँयोको प्रयोग कहिल्यै जोडले गर्नुहुँदैन, बिस्तारैबिस्तारै कोर्नुपर्छ। कपाल कोर्ने समय कपाललाई दुई भागमा बाँडेर कोर्नुपर्छ। काइँयो मोटो दाँत भएको हुनुपर्छ। मसिनो दाँत भएको काइँयोले कपाललाई नोक्सान पुऱ्याउँछ।

## फंक्शनल फूड भनेको के हो ?

संसारभरि खानपानको वस्तुमाथि लगातार परीक्षण भइरहेको छ । हालै अमेरिकाको रगटर्स स्कूल अफ एनभायरन्मेन्टल एन्ड बायोलोजिकल साइन्सका वैज्ञानिकले थ्रीडी प्रिन्टरको मदतबाट यस्तै प्रयोग गरेका छन्। उनीहरूले कम फैट भएको चकलेट प्रिन्ट गरेका छन्, जुन सामान्य चकलेटको तुलनामा निकै स्वस्थ छ।



आजभोलि खानपानको रेसिपीमा बदलाव गरेर त्यसलाई बढी स्वस्थ बनाउने चलन बढेको छ । यस्तो खानेकुरालाई फंक्शनल फूड भनिन्छ। अनुसन्धानमा सामेल प्राध्यापक क्विङरोग हुआङका अनुसार उनीहरूको टीमले लो–शुगर र शुगर–फ्रि चकलेटलाई थ्रीडी प्रिन्ट गर्नेबारे शोध गरिरहेका छन्।

सामान्य चकलेट कोकोआ बटर, कोकोआ पाउडर, चिनी र कुनै इमल्सिफायरलाई मिसाएर बनाइन्छ। नयाँ चकलेटलाई थ्रीडी प्रिन्ट गर्नको लागि वैज्ञानिकले कैयौं रेसिपीमाथि परीक्षण गरे । जुन रेसिपीलाई फाइनल गरे, त्यसमा शुद्ध कोकोआ बटरको सट्टा बबूलको रूखको पायस (इमल्शन) प्रयोग गरिएको थियो। साथै यसको स्वादलाई उत्कृष्ट बनाउनको लागि गोल्डेन सिरपको साथ मिक्स गरे । यो सिरप उखुको रसबाट बनेको थियो ।

थ्रीडी प्रिन्टेड चकलेट बनाउँदा थुप्रै मापदण्ड ध्यानमा राखिएको थियो । वैज्ञानिकले चकलेटको फिजिकल क्यारेक्टर विश्लेषण गरे । प्रिन्टिङको लागि सही लस्याइलोपना जाँच गरे । सही टेक्सचरको लागि चकलेटको बनावट र चिल्लोपनमाथि ध्यान दिइयो। अनुसन्धानकर्ताको भनाइ छ यो चकलेट कुनै पनि आकारमा बनाउन सकिन्छ ।

थ्रीडी प्रिन्टिङको प्रोसेसमा एउटा फिजिकल अब्जेक्ट तयार गर्न पहिले डिजिटल मोडेल बनाइन्छ । यस चकलेटलाई प्रिन्ट गर्न वैज्ञानिकले प्रिन्टर र आकारको साथै मोबाइल फोनको लागि एप पनि बनाए। यस एपको माध्यमबाट तपाईं आफ्नो हिसाबले चकलेटलाई कस्टमाइज गर्न सक्नुहुन्छ। हुआङ भन्छन्–म सुन्तला, रातो खुर्सानी, चिया, प्याज, बेसार र अदुवाजस्ता स्वस्थ वस्तु प्रयोग गरेर अन्य वस्तु बचाउन चाहन्छु।

– प्रतीक डेस्क (एजेन्सीको सहयोगमा)

# अन्तर्राष्ट्रिय समाचार

## चक्रवात गेब्रियल : तीन हजारभन्दा बढी बेपत्ता

वेलिङ्टन, ८ फागुन/सिन्ह्वा

न्युजिल्यान्डमा चक्रवात गेब्रियलमा परी ११ जनाको मृत्यु भएको छ भने तीन हजार दुई सयभन्दा बढी मानिस बेपत्ता भएका छन्।

प्रधानमन्त्री क्रिस हिपकिन्सले ज्यान गुमाउनेको सङ्ख्या बढ्न सक्ने बताएका छन्। साथै उनले पुनर्निर्माणका निम्ति करीब १३ अर्ब न्युजिल्यान्ड डलर आवश्यक पर्ने बताएका छन्।



हक्स–वेको खाडीमा चक्रवात गेब्रिएलबाट भएको क्षति। तस्वीरः रायटर्स

स्थानीय सञ्चारमाध्यमका अनुसार आइतवार साँझसम्म तीन हजार २१५ जना सम्पर्कविहीन भएका थिए भने २० हजारभन्दा बढी घर र व्यवसाय विद्युत्विहीन बनेका थिए। धेरै स्थानमा सम्पर्क विच्छेद भएकाले बेपत्ता भएकाको सङ्ख्या अझ बढी हुने अनुमान प्रहरीले गरेको छ। हक्स–वे र ताइराविटी क्षेत्रका धेरै मानिस हराएका छन्।

प्राकृतिक विपत्तिबाट करीब दश हजार सर्वसाधारण विस्थापित भएका छन्। सन् २०११ को फेब्रुअरीमा क्राइस्टचर्च भूकम्पपछि न्युजिल्यान्डमा अति धेरै सर्वसाधारण विस्थापित भएका हुन्। प्रधानमन्त्री हिपकिन्सले चक्रवात गेब्रियल यो शताब्दीको सबैभन्दा भीषण प्राकृतिक विपत्ति रहेको र त्यसले देशमा अकल्पनीय क्षति भएको बताएका छन्।

गत सोमवारदेखि न्युजिल्यान्डमा आपत्कालीन स्थिति घोषणा गरिएको छ। देशको इतिहासमा यो तेस्रो आपत्काल हो। प्रतिकूल परिस्थितिका कारण हवाई सेवाका साथै विद्यालय पनि बन्द छन्। देशको सबैभन्दा ठूलो शहर अकल्यान्डमा तीन साताअघि मुसलधारे वर्षा हुँदा चारजनाले ज्यान गुमाएका थिए।

**अमेरिका र चीन जलवायु परिवर्तनका क्षतिको जोखिममा**

पेरिस/एएफपी

अमेरिका र चीन जलवायु परिवर्तनका कारण हुने क्षतिको सबैभन्दा बढी जोखिममा रहेका एक प्रतिवेदनले देखाएको छ। दुवै देशका आर्थिक एवं औद्योगिक क्षेत्र जलवायु परिवर्तनका कारण हुन सक्ने प्रतिकूल मौसमबाट जोखिममा पर्न सक्ने प्रतिवेदनमा उल्लेख छ।

जलवायु परिवर्तनबाट व्यापक क्षति र गम्भीर आर्थिक परिणाम भोग्नुपर्नेतर्फ ती देशलाई सचेत गराउँदै प्रतिवेदनले तत्काल जलवायु अनुकूलन उपाय अवलम्बन गर्न सुझाएको छ। जलवायु जोखिममा रहेका शीर्ष दश स्थानमध्ये नौवटा चीनमा रहेका छन्। क्रस डिपेन्डेन्सी इनिसिएटिभको विश्वव्यापी ¬र्याकिङमा चीनका जियाङ्सु र शान्डोङ अधिक जोखिममा छन्।

चीनपछि अमेरिका सबैभन्दा उच्च जोखिममा रहेको मुलुक हो। विश्वव्यापी सूचीमा दशौं स्थानमा रहेको फ्लोरिडा अमेरिकाको सर्वाधिक जोखिममा परेको राज्य हो। उच्च जोखिममा रहेको फ्लोरिडापछि क्यालिफोर्निया र टेक्सास छन्। जलवायु जोखिममा रहेका शीर्ष एक सय देशमा चीन, भारत र अमेरिकाका आधाभन्दा राज्य र प्रान्त छन्।

**ताजिकिस्तानमा हिमपहिरो: उन्नाइसजनाको मृत्यु**

दुशान्बे, ताजकिस्तान/एएफपी

मध्य एशियाको पहाडी मुलुक ताजिकिस्तानमा गएको हिमपहिरोमा परी १९ जनाको मृत्यु भएको छ। यही फागुन ३ देखि ७ गतेसम्म २०० स्थानमा हिमपहिरो गएको जनाउँदै सरकारी अधिकारीहरूले पाँच दिनको अवधिमा मृतकको सङ्ख्या १९ पुगेको जनाएका हुन्।

हिमपहिरोका कारण आपत्कालीन सेवासमेत बन्द भएका छन्। बेलाबेलामा मध्य एशियाली मुलुक ताजिकिस्तान प्राकृतिक प्रकोपको चपेटामा परिरहन्छ। पूर्व सोभियत सङ्घबाट छुट्टिएका राज्यमध्ये ताजिकिस्तान सबैभन्दा गरीब राष्ट्र हो। उक्त देशमा सात हजार मिटरभन्दामाथिका हिमशिखर छन्। ९५ लाख जनसङ्ख्या रहेको ताजिकिस्तान अफगानिस्तान, चीन र किर्गिस्तानले घेरिएको छ।

तीन दशकदेखि सत्तामा रहेका राष्ट्रपति इमोमाली रहमोनसलाई रूसी राष्ट्रपति भ्लादिमिर पुटिन तथा इरानका राष्ट्रपति इब्राहिम रायसीले हिमपहिरोका कारण भएको अमूल्य जीवनको क्षतिप्रति गहिरो दुःख व्यक्त गर्दै समवेदना व्यक्त गरेका छन्। रासस

## अमेरिका बन्दुक हिंसा: पाँच हजार आठ सयजनाको मृत्यु

वाशिङ्टन, ८ फागुन/सिन्ह्वा

हिजो आइतवारसम्मको विवरण अनुसार अमेरिकामा बन्दुकजन्य हिंसामा यो वर्ष पाँच हजार आठ सयजनाको मृत्यु भएको छ। बन्दुकजन्य हिंसासम्बन्धी अभिलेख अद्यावधिक गर्ने कार्यालयले सार्वजनिक गरेको विवरणमा उक्त सङ्ख्या उल्लेख गरिएको छ।

आज टेनेसीको मेम्फिसमा भएको गोलीकाण्डमा एकजनाको ज्यान गएको छ भने अन्य १० जना घाइते भएका छन्। मेम्फिस प्रहरीका अनुसार गोलीकाण्ड गएराति एउटा नाइटक्लब र त्यसको आसपासका क्षेत्रमा भएको थियो। गोलीकाण्डको विवरण सार्वजनिक गरिएको छैन भने आक्रमणकारीका बारेमा पनि केही खुलाइएको छैन। घाइतेहरूलाई स्थानीय अस्पतालमा भर्ना गरिएको छ। घाइतेमध्ये पाँचजनाको अवस्था गम्भीर रहेको प्रहरीले जनाएको छ।

गत शुक्रवार मिसिसिपीको एउटा ग्रामीण क्षेत्रमा गोली हानाहान हुँदा छजनाको ज्यान गएको थियो। रासस

## ब्रजीलमा भीषण बाढी: छत्तीसजनाको मृत्यु

साओ पाउलो, ८ फागुन/एएफपी

ब्रजीलको दक्षिणपूर्वी साओ पाउलो राज्यमा भीषण वर्षाका कारण आएको बाढी पहिरोमा परी कम्तीमा ३६ जनाको मृत्यु भएको छ।

बाढी पहिरोबाट भएको क्षति सम्बन्धमा साओ सोस्टियाओ शहरबाट सम्प्रेषण गरिएका टेलिभिजन र सामाजिक सञ्जालका दृश्यमा घर र जमीन बगाएको, मोटरकार खोलामा खसेको, भत्केका राजमार्ग र ढलेका रूख देखिन्छन्। उक्त शहरमा ३५ जनाले ज्यान गुमाएका राज्य सरकारले बताएको छ। उबातुबा शहरमा पनि एक बालिकाको मृत्यु भएको सरकारी अधिकारीहरूले बताएका छन्।

साओ पाउलो शहरको उत्तरी तटीय क्षेत्रमा २२८ जना घरबारविहीन भएका तथा ३२८ जनालाई सुरक्षित स्थानमा स्थानान्तरण गरिएको छ। अधिकारीहरूले बाढीपहिरोमा हराएका तथा घाइते हुनेहरूबारे जानकारी दिएका छैनन्।

साओ पाउलो राज्यका गभर्नर टार्सिसियो डे फ्रेटासले बाढी प्रभावित क्षेत्रको निरीक्षणपछि तटवर्ती पाँच शहरमा आपत्काल घोषणा गरेका छन्। साथै उनले उद्धार तथा राहतका निम्ति १५ लाख अमेरिकी डलर निकासा गरेका छन्।

राष्ट्रपति लुइज इनासियो लुला डा सिल्भाले बाढी प्रभावित क्षेत्रको आज भ्रमण गर्ने भएका छन्।

जलवायु परिवर्तनका कारण उत्पन्न विषम परिस्थितिका कारण ब्रजीलमा अकल्पनीय प्रभाव परिरहेको छ। गत वर्षको मुसलधारे वर्षाका कारण पेट्रोपोलिस शहरमा २३० जनाभन्दा बढीको मृत्यु भएको थियो। रासस

### आजको राशिफल

| | |
|---|---|
| मेष – धनलाभ | वृष – सफलता |
| मिथुन – राज्यभय | कर्कट – वादविवाद |
| सिंह – व्यापारवृद्धि | कन्या – अलमल |
| तुला – चोरभय | वृश्चिक – भयचिन्ता |
| धनु – मित्रमिलन | मकर – कान्तिक्षय |
| कुम्भ – सुयश | मीन – खर्चवृद्धि |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया


### रानीघाट–पोखरिया बस समिति

भिस्वा– बिहान ७:४० बजे
भिस्वा– बिहान १०:०० बजे
भिस्वा– मध्याह्न १२:०० बजे
भिस्वा– दिउँसो १:३० बजे
दसौता– दिउँसो २:३० बजे
सेढवा– दिउँसो ३ बजे
देउरिया– दिउँसो ३:१५ बजे
भिस्वा– दिउँसोः ३:४० बजे

### सूचना ! सूचना !! सूचना !!!

यस वीरगंज महानगरपालिकाको मिति २०७९/११/१ को भौतिक पूर्वाधार अतिक्रमण खाली गर्ने समितिको निर्णयबमोजिम नगर क्षेत्रमा रहेका सडक, फूटपाथ र नाला अतिक्रमण गरी बनाइएका सिढी, रैम्प, छेकबार तथा यस महानगरपालिकाको वडा नं.१० स्थित पशुपति आदर्शनगर निर्माण समितिको प्लटहरूबीचमा रहेको १० फिटे नालाहरूमाथि निर्माण गरिएका भौतिक संरचना ७ (सात) दिनभित्र खाली गर्न सम्बन्धित सबैलाई सूचित गरिन्छ। यदि सो म्यादभित्र उक्त संरचनाहरू नहटाइएमा यस कार्यालयबाट खाली गराउँदा लाग्ने दस्तुर/खर्चसमेत सम्बन्धित व्यक्ति, सङ्घ–संस्था र फर्मबाट नै असूलउपर हुने बेहोरासमेत जानकारी गराइन्छ।


## भारतीय दूतावासद्वारा डायलासिस उपकरण हस्तान्तरण

काठमाडौं, ८ फागुन/रासस

भारतीय दूतावासले नेपाल सरकारलाई मिर्गौला डायलासिस उपकरण हस्तान्तरण गरेको छ।



तस्वीरः रासस

सोमवार आयोजित समारोहमा नेपालका लागि भारतीय राजदूत नवीन श्रीवास्तवले स्वास्थ्य तथा जनसङ्ख्यामन्त्री पद्म गिरीलाई सो उपकरण हस्तान्तरण गरेका हुन्।

राजदूत श्रीवास्तवले नेपाल सरकारले एक वर्षअघि माग गरेको मेशिन अहिले उपलब्ध गराएको बताए। उनले उपलब्ध डायलासिस मेशिनले नेपालीलाई सहज उपचार सेवा पुग्ने विश्वास व्यक्त गरे।

उनले भने, "यी मेशिनले नेपालको स्वास्थ्य संरचनाको पूर्वाधारमा सहयोग पुग्ने विश्वास दूतावासको छ। नेपाल र भारत सरकारको सहकार्यमा विकासका काम भइरहेका छन्, सोही क्रममा नेपाल–भारत मैत्री ट्रमा अस्पताल, बिपी कोइराला अस्पताल र विभिन्न परियोजनाले नेपालको स्वास्थ्य क्षेत्रमा सहयोगको काम भइरहेको छ।" उनका अनुसार सन् २००३ देखि साना परियोजनामार्फत भारत सरकारले नेपालमा सामुदायिक अस्पताल, स्वास्थ्य उपकरण र औषधि उपलब्ध गराउँदै आएको छ। उनले अहिले भारत सरकारले सिराहादेखि सिन्धुलीसम्म विभिन्न १० प्रकारका परियोजनामार्फत काम गरिरहेको बताए।

"भारत सरकारले नेपाल सरकारलाई विभिन्न समयमा ९५० एम्बुलेन्स उपलब्ध गराएको छ। छिट्टै थप एम्बुलेन्स उपलब्ध गराइ एम्बुलेन्सको सङ्ख्या एक हजार पुऱ्याउनेछौं," उनले भने।

मन्त्री गिरीले भारत सरकारबाट उपलब्ध भएको सहयोगप्रति आभार प्रकट गरे। उनले भने, "धेरै मिर्गौला बिरामीले समयमा डायलासिस सेवा पाउन सकेका छैनन्।

भारत सरकारले उपलब्ध गराएको उपकरणलाई आवश्यक ठाउँमा पुऱ्याउँछौं र यसले बिरामीलाई सहज उपचारमा सहयोग पुग्नेछ।" उनले भारत सरकारले भूकम्पको समयमा र कोभिड–१९ महामारीको समयमा गरेको सहयोगको प्रशंसासमेत गरे। "भारतको 'छिमेकी प्राथमिकता नीति' नेपालका लागि खुशीको कुरा हो, भारत सरकारको सहयोग निकै उल्लेखनीय छ," उनले भने।

दूतावासले दुई सय थानमध्ये कार्यक्रममा २० वटा उपकरण उपलब्ध गराएको हो। बाँकी उपकरण छिट्टै नेपाल भित्रिने दूतावासले जानकारी दिएको छ। उपलब्ध उपकरणलाई आवश्यकता अनुसार विभिन्न अस्पतालमा वितरण गरिने मन्त्रालयकी सचिव देवीकुमारी गुरागाईंले जानकारी दिइन्।

## गणतन्त्रलाई सुदृढ गर्न राजनीतिक दलको व्यवहारमा सुधार जरुरी –पूर्वराष्ट्रपति डा यादव

जनकपुरधाम, ८ फागुन/रासस

गणतन्त्र नेपालका प्रथम राष्ट्रपति डा रामवरण यादवले सङ्घीय लोकतान्त्रिक गणतन्त्रलाई सुदृढ गर्न राजनीतिक दलहरूले आफ्नो व्यवहारलाई सुधार्दै लैजानुपर्ने बताएका छन्।

७३औं प्रजातन्त्र दिवसको अवसरमा जनकपुर बौद्धिक समाजले सोमवार जनकपुरधाममा आयोजना गरेको कार्यक्रममा पूर्वराष्ट्रपति डा यादवले २४० वर्षीय निरङ्कुश राजतन्त्रको अवशेष अहिले पनि विद्यमान रहेकाले दलहरूले आफूलाई सुधार्दै जानुको विकल्प नरहेको बताए।

"जनतासँग जोडिएका राजनीतिक दलहरूको व्यवहारले सबै क्षेत्रमा उकुसमुकुसको अवस्था देख्छु, दलहरूको क्रियाकलापलाई लिएर सिङ्गो व्यवस्थामाथि प्रश्न उठाउन थालेको छ," उनले भने, "त्यसैले सबै दलले जनभावना अनुसार काम गर्नु जरुरी छ।"

शहीदहरूको बलिदान, पूर्वजहरूको निष्ठा र आदर्शलाई छोड्दै जाँदा नागरिकमा वितृष्णा उत्पन्न हुँदै गएको भन्दै उनले व्यवस्था चलाउन नजान्दाको दोष व्यवस्थामाथि थोपर्ने काम कसैले




तस्वीरः रासस

गर्न नहुने धारणा राखे। "कुनै चोटपटक लागेमा हतियारको दोष भन्ने कि हतियार चलाउने मान्छेको ? त्यसैले अहिले नै व्यवस्था खराब भएको टिप्पणी गर्ने बेला भएको छैन। तर गणतन्त्र रक्षाका लागि नेताहरू सुध्रिन र जनता सचेत हुनुपर्ने आवश्यकता भने सधैं रहन्छ," पूर्वराष्ट्रपति डा यादवले भने।

कार्यक्रममा जनता समाजवादी पार्टीका केन्द्रीय सदस्य रामगोविन्द यादवले पनि सङ्घीयता चलाउने व्यक्तिको कमजोरीलाई देखाएर सिङ्गो व्यवस्थालाई नै गलत भन्नु अतिशयोक्ति हुने धारणा राखे। कार्यक्रममा प्राडा पशुपतिनाथ झाले नैतिकताविनाको लोकतन्त्र सधैं सङ्कटमा पर्ने भन्दै सबै जिम्मेवार बन्नुपर्ने धारणा राखे।

जनकपुर बौद्धिक समाजका अध्यक्ष राजेश्वर नेपालीले विगतमा दलहरूले गरेका कमजोरीले पटक–पटक व्यवस्थामाथि सङ्कट आएकाले लोकतन्त्रको सुदृढीकरणका लागि सत्ता राजनीतिभन्दा माथि उठेर प्राप्त उपलब्धिलाई जोगाउन लाग्नुपर्ने बताए।


### प्रसौनी-वीरगंज १३२ केभी भूमिगत विद्युत् प्रसारण लाइन आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारीसम्बन्धी

### सार्वजनिक सूचना

(मितिः २०७९/११/०९)

मधेस प्रदेश, बारा जिल्लाको प्रसौनी गाउँपालिका र परवानीपुर गाउँपालिका तथा पर्सा जिल्लाको वीरगंज महानगरपालिकामा नेपाल विद्युत् प्राधिकरणद्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| प्रस्तावकको नाम र ठेगाना | नेपाल विद्युत् प्राधिकरण, काठमाडौं, इमेल env.social@nea.org.np<br>फोन नंः ०१–४४३५८०० |
| प्रस्तावको बेहोरा | प्रस्तावित प्रसौनी–वीरगंज १३२ केभी क्षमताको भूमिगत प्रसारण लाइन आयोजना प्रसौनी र परवानीपुर गाउँपालिका तथा वीरगंज महानगरपालिकामा प्रस्ताव गरिएको छ। करीब ३.२ किलोमिटर लम्बाइको यो आयोजना प्रस्तावित प्रसौनी सबस्टेशनबाट आरम्भ भई विद्यमान वीरगंज सबस्टेशनमा टुङ्गिनेछ। यसका मुख्य अवयवहरूमा एउटा सबस्टेशन (प्रसौनी–३), एउटा ग्यान्ट्री (परवानीपुर–५) र १५ वटा ज्वाइन्ट पिटहरू हुनेछन्। सबस्टेशन/ग्यान्ट्री र ज्वाइन्ट पिट निर्माण लागि करीब ३.३२७ हेक्टर जग्गा आवश्यक पर्नेछ। |
| प्रभाव पर्न सक्ने जिल्ला/नगरपालिका | बारा जिल्ला, प्रसौनी गाउँपालिकाको वडा नं ३, परवानीपुर गाउँपालिकाको वडा नं ५ र पर्सा जिल्ला, वीरगंज महानगरपालिकाको वडा नं १३ र १५। |

माथि उल्लिखित प्रस्तावको प्रारम्भिक वातावरणीय परीक्षण अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, सांस्कृतिक र आर्थिक प्रणाली बीच के–कस्तो प्रभाव पर्दछ भनी यकीन गर्न सो स्थानको महानगरपालिका, गाउँपालिका तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय–सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशन भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आइपुग्ने गरी लिखित रायसुझाव उपलब्ध गराइदिनुहुन अनुरोध गरिन्छ।

***राय–सुझावको लागि पत्राचार गर्ने ठेगानाः–***

| | |
|---|---|
| प्रस्तावको नाम र ठेगाना | नेपाल् विद्युत प्राधिकरण<br>प्रसौनी–वीरगंज १३२ केभी भूमिगत प्रसारण लाइन आयोजना<br>इमेलः pbutlp132kv@nea.org.np |
| | नेपाल विद्युत् प्राधिकरण<br>इन्जिनीयरिङ सेवा निर्देशनालय<br>वातावरण तथा सामाजिक अध्ययन विभाग<br>लाजिम्पाट, काठमाडौं<br>फोन नं.: ०१–४४२६७७२, ०१–४४३५८००<br>इमेलः env.social@nea.org.np |



पटेर्वासुगौली गाउँपालिका-३ पश्चिम देकुली बस्ने वासुदेव माझीको घरमा सोमवार दिउँसो तीन बजे आगलागी भएको लाग्यो । स्थानीयले एक घण्टापछि आगलागी नियन्त्रणमा लिए पनि फुसको घर खरानी भएको छ । आगलागीबाट एक लाख मूल्यबराबरको क्षति भएको पीडित घरधनीले बताएका छन् । तस्वीर: प्रमोद यादव

# पुल्चोक क्याम्पसका उत्कृष्ट विद्यार्थीलाई छात्रवृत्ति तथा सम्मान

प्रस, काठमाडौं, ८ फागुन/

एनसेल आजियाटा लिमिटेडले आफ्नो व्यावसायिक सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत इन्जिनीयरिङ अध्ययन संस्थान, पुल्चोक क्याम्पसका पाँचवटा सङ्कायमा अध्ययनरत विद्यार्थीहरूलाई एनसेल छात्रवृत्ति तथा उत्कृष्टता सम्मान २०७९ प्रदान गरेको छ ।

सिभिल, इलेक्ट्रिकल, इलेक्ट्रोनिक्स एन्ड कम्युनिकेशन, कम्प्युटर र मेकानिकल इन्जिनीयरिङ सङ्कायमा अध्ययन गर्ने उत्कृष्ट १८ जना विद्यार्थीलाई एनसेल छात्रवृत्ति सम्मान प्रदान गरिएको छ भने पाँचवटै सङ्कायबाट स्नातक उत्तीर्ण गरेका छजना विद्यार्थीलाई एनसेल उत्कृष्टता सम्मान प्रदान गरिएको हो ।




एनसेलको मुख्य कार्यालय एनसेल आइकन, लैनचौरमा आयोजित कार्यक्रममा क्याम्पसप्रमुख एशोसिएट प्राडा इन्द्रप्रसाद आचार्य र एनसेलका प्रमुख कार्यकारी अधिकृत एन्डी चोडले संयुक्तरूपमा विद्यार्थीहरूलाई एनसेल उत्कृष्टता सम्मान प्रदान गरेका थिए ।

त्यसैगरी, एनसेलका चिफ टेक्निकल एन्ड इन्टरप्राइज बिजनेस अफिसर अदिल इस्रार, स्ट्राटेजी डाइरेक्टर इफ्तखार इस्लाम, कर्पोरेट कम्युनिकेसन्स एन्ड सिएसआर प्रमुख विशाखालक्ष्मी खड्काले विद्यार्थीहरूलाई एनसेल छात्रवृत्ति प्रदान गरेका थिए ।

कार्यक्रममा प्राडा सुशील बज्राचार्य, एनसेलका प्रमुख कार्यकारी अधिकृत एन्डी चोडलगायतले मन्तव्य व्यक्त गरेका थिए ।

प्रत्येक छात्रवृत्ति तथा उत्कृष्टता सम्मान पुरस्कारको राशि रु एक लाख थियो ।

**आजको कार्यक्रम**

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
| --- | --- | --- | --- | --- |
| | | जानकारी आएन | | |




# बर्वाछटौलीमा कल्भर्टको शिलान्यास



तस्वीर: प्रतीक

नरेश यादव, पर्सागढी, ८ फागुन/

पर्सागढी नगरपालिका-४ बर्वाछटौलीमा कल्भर्टको शिलान्यास भएको छ । नगरप्रमुख गोकर्ण पाठकले सोमवार कल्भर्टको शिलान्यास गरेका हुन् ।

थरुहट सडकखण्ड अन्तर्गत पर्ने कल्भर्टको रु २५ लाख ४८ हजार लागतमा निर्माण गरिने नगरपालिकाले जनाएको छ ।

बिसमिल्लाह कन्स्ट्रक्शनले नौ महीनामा निर्माण सम्पन्न गर्नेगरी कल्भर्ट निर्माण गर्ने बताइएको छ ।

शिलान्यास कार्यक्रममा वडाध्यक्ष शेख खुर्सेद, पूर्व वडासदस्य रामप्रसाद पाठक, इन्जिनीयर जङ्गविजय साह र स्थानीय समसुल हवारीलगायतको सहभागिता थियो ।

# सडक मानवको उद्धार




तस्वीर: सौजन्य

प्रस, वीरगंज, ८ फागुन/

मानवसेवा आश्रम, वीरगंजले एकजना सडक मानवको आइतवार राति उद्धार गरेको छ ।

वीरगंज-१२ मुर्लीचोकको नालाछेउमा कष्टकर जीवन बिताइरहेका ३५ वर्षीय एकजना पुरुषको उद्धार गरिएको मानवसेवा आश्रमका मधेस प्रदेश इन्चार्ज दिवेश मानवसेवाले बताए ।

उनले आइतवार राति ९ बजे मुर्लीबाट सामाजिक कार्यकर्ताहरू प्रकाश थारू, महेशसिंह धामी, विक्की सर्राफ, अभयराज सर्राफ तथा नेपाल प्रहरीको सहयोगमा सडक मानवको उद्धार गरिएको र मानवसेवा आश्रममा राखिएको बताए ।

हाल मानव सेवा आश्रममा चारजना बालकसहित ५१ जना आश्रित रहेको दिवेश मानवसेवाले बताए ।

# खेलकूदको संसार

## पर्सा लिग: युनाइटेड क्रिकेट क्लब विजयी

प्रस, वीरगंज, ८ फागुन/

नारायणी रङ्गशालामा जारी पर्सा लिग क्रिकेट प्रतियोगिता अन्तर्गत सोमवारको खेलमा युनाइटेड क्रिकेट क्लब विजयी भएको छ ।

तस्वीर: प्रतीक




पहिले ब्याटिङ गर्दै युनाइटेडले निर्धारित २० ओभरको खेलमा आठ विकेट गुमाएर १५० रन बनाएको थियो । प्रतिउत्तरमा माउन्टेन हिल्सले निर्धारित २० ओभरमा सात विकेट गुमाएर ११७ रनमा सीमित भयो । आजको खेलमा ५३ बलमा ६५ रन बनाएका युनाइटेडका सन्तोष कार्की 'म्यान अफ दी म्याच' घोषित भए ।

# ट्रक/टयाक्टर नियन्त्रण

प्रस, वीरगंज, ८ फागुन/

बिलबीजकभन्दा बढी सामानहरू फेला पारेपछि प्रहरीले एउटा ट्रक र टयाक्टरलाई नियन्त्रणमा लिएर राजस्व अनुसन्धान कार्यालय, पथलैया चलान गरेको छ ।

वीरगंजबाट काठमाडौंतर्फ जाँदै गरेको ना.५ख ५४९४ नम्बरको टयाक्टर र ना.३ख १०२४ नम्बरको ट्रकलाई वीरगंज-२५ श्रीसियास्थित सडकखण्डबाट जाँच गर्ने क्रममा बिलबीजकभन्दा बढी सामान भेटिएपछि अनुसन्धानका लागि राजस्व अनुसन्धान कार्यालय, पथलैयामा बुझाइएको जिप्रका, पर्साले जनाएको छ ।

# ट्राफिक सचेतना कार्यक्रम

तस्वीर: सौजन्य



प्रस, वीरगंज, ८ फागुन/

समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सामुदायिक सेवा केन्द्र श्रीपुर, मुर्लीले सोमवार ट्राफिक नियमबारे सचेतनमूलक कार्यक्रम गरेको छ ।

वीरगंज महानगर-११ मुर्लीचोकमा भएको कार्यक्रममा ट्राफिक नियमबारे सर्वसाधारण, सवारी चालकहरूलाई सचेत गर्नुका साथै पर्चा वितरण गरिएको थियो ।

केन्द्रका सल्लाहकार पुरुषोत्तम दुबेको अध्यक्षतामा भएको कार्यक्रममा प्रहरी वरिष्ठ नायब निरीक्षक दीपेन्द्रबहादुर मल्ल, केन्द्रका सचिव कुलनारायण (दिलीप) प्रधान, साउथ जोन माविका दुर्गानन्द चौधरी, विद्यार्थी, नगरप्रहरीलगायतको सहभागिता थियो ।

**सामाजिक सञ्जाल प्रयोगमा सचेतता अपनाऔं**

- सामाजिक सञ्जालमा अपरिचित व्यक्तिको साथी बन्ने अनुरोधलाई विश्वस्त भएर मात्र प्रतिक्रिया जनाऔं ।
- अपरिचित व्यक्तिलाई जथाभावी साथी बन्न अनुरोध नपठाऔं ।
- सामाजिक सञ्जाल तथा अन्य विद्युतीय माध्यमबाट चिठा, पुरस्कार जस्ता आर्थिक प्रलोभनका प्रस्तावको भ्रममा नपरौं ।
- आफूले प्रवाह गरेका सन्देश वा सूचनाबाट समाजमा पर्न सक्ने नकारात्मक प्रभावको ख्याल गरौं ।
- आफ्नो सन्देशले कुनै व्यक्ति वा अन्य कुनै समुदायको आत्मसम्मानमा चोट नपुऱ्याऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड